# बुद्धकालीन संस्कृति



*बुद्ध संस्कृति प्रचारको लागि गौतम बुद्धले भिक्षुहरूलाई निर्देशन दिईरहनु भएको दृश्य ।*

लेखक तथा प्रकाशक :

**भिक्षु अश्वघोष**

Downloaded from http://dhamma.digital/

Downloaded from http://dhamma.digital/

# बुद्धकालीन संस्कृति



लेखक तथा प्रकाशकः

**भिक्षु अश्वघोष**

श्रीघः विहार फोन : २५९११०

Downloaded from http://dhamma.digital/

__प्रकाशक :__

**भिक्षु अश्वघोष**

**संघाराम**

**ढल्को, काठमाडौं**

**फोन नं. २५५९६०**

***प्रथम संस्करण :*** **१००० प्रति**

| | | |
|---|---|---|
| **बुद्ध सम्वत्** | **:** | **२५४३** |
| **नेपाल सम्वत्** | **:** | **१११९** |
| **इस्वी सम्वत्** | **:** | **१९९९** |
| **बिक्रम सम्वत्** | **:** | **२०५६** |

**मूल्य रू. १५/-**

**कम्प्यूटर:**
**गोविन्द ह्यूमत, रामकृष्ण लामिछाने, सुरेन्द्रकुमार राजवन्त**

***मुद्रक :***

**न्यू नेपाल प्रेस**

__अफिस :__
**शुक्रपथ, न्यूरोड, काठमाडौं**
**फोन : २५९०३२, २५९४५०**
**फ्याक्स : (९७७-१) २५८६७८**

__प्रेस :__
**नक्साल, नागपोखरी**
**काठमाडौं**
**फोन : ४३४८५०, ४३४७५३**

Downloaded from http://dhamma.digital/

# मेरो आफ्नो भनाई

प्रस्तुत पुस्तकको नाम "बुद्धकालीन संस्कृति" रहेता पनि वर्तमान कालको सांस्कृतिक झलक पनि समावेश भएका छन्। तर पाठक वर्गले आशा गरेको संस्कृति सम्बन्धी न भई नौलो संस्कृति सम्बन्धी कुराहरू यसमा उल्लेख गरेको छु । मैले बुझे अनुसार बुद्धको संस्कृति-सदाचार, चरित्रशुद्धि र इमान्दारीतामा आधारित छ। अन्य विषयहरू पाठकवर्गले पुस्तक पढ्नुभई बुझ्नु हुन विनम्र अनुरोध छ।

प्रसंगवश, एउटै कुरा पनि, बारम्बार दुइ तीन ठाउँमा उल्लेख भएका छन्, त्यो लेखकको असक्षमता भन्नु पर्ला शायद। तर यी सबै भएका पनि लेखहरू संग्रहको रूपमा निस्किएकोले हो।

नेपाल बुद्ध जन्म भूमि भए पनि बुद्धको शिक्षा सम्बन्धी पर्याप्त मात्रामा पुस्तक वा शिक्षा सामाग्रीहरू अभाव छ र प्रचार पनि न गण्य छ। भएको प्रचार पनि काठमाडौंमा मात्र सीमित छ, उपत्यका बाहिर नगण्यरूपमा प्रचार भएको छ।

बुद्धको भनाई छ "रूपं जीरति मच्चानं नाम गोत्तं न जीरति"। अर्थात् मानिसको रूप र शरीर जीर्ण हुन्छ तर नाउँ र गोत्र जीर्ण हुँदैन, कीर्ति रही नै रहन्छ। अतः राम्रो काम गरेर मृत्यु भएपछि पनि केही नाम राख्ने कीर्ति हुने काम गरेर मर्नु पर्छ। त्यसै अनुरूप उपासक उपासिकाहरूले श्रद्धापूर्वक दिएको दानको सदुपयोगको लागि यस पुस्तकको प्रकाशक आफै भएको छु।

यो पुस्तक चिरस्मरणीय श्रद्धेय आमा लक्ष्मीमाया शाक्य को पुण्यस्मृतिमा अर्पण गर्छु। उहाँले मलाई बुद्धधर्म प्रचारगर्न भिक्षु बन्न प्रेरणा प्रदान गर्नु भएको थियो।

न्यू नेपाल प्रेसका सबैलाई धन्यवाद छ।

*१७, वैशाख पुन्हि २०५६* — भिक्षु अश्वघोष

Downloaded from http://dhamma.digital/

# विषय-सूची


| क्र.सं. | विषय | पृष्ठ संख्या |
|---|---|---|
| १. | बुद्धकालीन संस्कृति परिस्थिति | १ |
| २. | बुद्धकालीन संस्कृति-२ | ५ |
| ३. | बुद्धको स्वतन्त्र चिन्तन | १९ |
| ४. | मूर्खहरूको संस्कृति | २४ |
| ५. | बुद्धको संस्कृतिमा आलोचना र आत्मालोचना | २७ |
| ६. | ढोंगी संस्कृति | ३२ |
| ७. | चाडपर्व देश विकासको बाधा बन्नु हुँदैन | ३६ |
| ८. | बौद्ध संस्कृति बारे केही कुरा | ४१ |
| ९. | कस्तो मासु खान हुन्छ ? | ४५ |
| १०. | अबौद्ध संस्कृति र बौद्ध संस्कृति | ४९ |
| ११. | बौद्ध संस्कृति र सहनशीलता | ५३ |
| १२. | अम्मल सेवन नगर्नू | ५६ |
| १३. | दिवंगतहरूको नाउँमा गरिने पुण्य कर्म | ५९ |
| १४. | नारीको यो पक्षतिर पनि ध्यान दिने कि ! | ६४ |
| १५. | बुद्ध र मानवतावाद | ६८ |
| १६. | संस्कार बदल्न सके मात्र जीवन सुध्रिन्छ | ७३ |


Downloaded from http://dhamma.digital/

# बुद्धकालीन संस्कृति परिस्थिति

बुद्धको जन्म इस्वी पूर्व ६२३ मा भएको थियो। त्यसताका समाज चार वर्ण (कुल) हरूमा विभाजित थिए। ब्राह्मण, क्षेत्री, वैश्य र शूद्र। यी सबै वैदिक सँस्कृतिका वरदान हुन्।

ब्राह्मणहरूको काम अध्ययन अध्यापन गर्नु र यज्ञकर्म गरेर दान लिनु थियो। अर्को शब्दमा भन्ने हो भने उनीहरू कर्मकाण्डका अधिकारी थिए। ब्राह्मणहरू उच्च जातीका मान्यता प्राप्त धार्मिक नेता मात्र नभई राज्यका अनुशासक राजगुरु पदका अधिकारी पनि थिए। राज्य संचालन कार्य क्षत्रीहरूको हातमा थियो भने वैश्यहरूले ब्यापार, आर्थिक कार्य (पैसाको लेनदेन, कारोवार) र कृषी पेशामा आधारित पशुपालन आदि कार्यहरूको जिम्मा लिइन्थ्यो। धनी वर्गमा वैश्यहरू नै पर्दथे। यज्ञ आदि कार्यका जजमान पनि यिनीहरू नै थिए। यिनीहरूले समाजमा ठूलो स्थान पाउने गर्थे। यो चलन आजसम्म पनि यथावत् कायमै छ र राजनीतिमा पनि यिनीहरूकै बोलवाला रहेको देखिन्छ।

शूद्र जातका ब्यक्तिहरूले ब्राह्मण, क्षेत्री र वैश्यहरूका दास,-दासी समान भई सेवकका रूपमा काम गर्नु पर्थ्यो। यो चलन वा संस्कृति हालसम्म पनि चलिरहेकै देखिन्छन्। यसरी यहाँ मानवता बारे खूब चर्चा गरिन्छ तर ब्यवहार भने अमानवता रहेको देखिन्छ।

ब्राह्मणहरूलाई बालककालदेखि नै तीन वेदको अध्ययन गराईन्छ र उनीहरूले पुरोहित परम्पराको अध्ययन गर्नु अनिवार्य गरिएको थियो। (तर यस सँस्कृतिलाई हालसम्म स्थिर राख्न सकिएको



Downloaded from http://dhamma.digital/

देखिन्न) क्षेत्रीहरूका लागि शस्त्र अस्त्र प्रयोग गर्ने कार्यको तालिम लिन अनिवार्य गरिएको थियो ।

त्यसको लागि तक्षशिला र विक्रमशीला जस्ता उच्चस्तरिय विश्वविद्यालयहरू स्थापित थिए। यी विद्यालयहरूमा कोही कसैले चाहेमा व्यक्तिगत रूपमा पनि अध्ययन गर्न सक्थे ।

तर शूद्र जातीका व्यक्तिहरू भने अध्ययन अध्यापन कार्यबाट वंचित थिए। यी जातीहरूका लागि आजसम्म हाम्रो देशमा राम्ररी सुधार आएको देखिंदैन । प्रजातन्त्र भन्ने चलन चाहिं कायमै छ तर यसलाई व्यवहारमा राम्ररी प्रयोग गरिएको भने देखिंदैन । धेरै जसो यी जातीका व्यक्तिहरू दास र दासी अवस्थामा नै सीमित रहेका छन्। सफाई सम्बन्धी कामहरू मात्र यिनीहरूको जिम्मा सुम्पिएको देखिन्छ ।

वैदिक शास्त्रनुसार जीवनलाई चार आश्रममा विभाजन गरिएका छन्–

(क) ब्रह्मचारी - विद्यार्थी जीवन

(ख) गृहस्थी जीवन - विवाहित जीवन

(ग) वानप्रस्थ - वृद्ध जीवन

(घ) सन्यासी - साधु जीवन

आर्थिक उन्नतीको लागि राजाको आशिर्वाद चाहिन्थ्यो ।

पशुपालनको लक्ष्य- खेती काम गर्ने, दूध, घिउ, दही आदिको निमित्त र मलखादको लागि । पशु मार्ने कार्य धर्मको नाउँमा धेरै जसो देउतालाई बलि चढाएर गरिन्थ्यो । व्यापारको लागि पनि पशुहरू मारिन्थ्यो । यी कार्यहरूको सबै अधिकार पुरुष वर्गको हातमा हुन्थे । पुरुषप्रधान पितृमूलक भएको होला ।

आदिम वैदिक संस्कृति युगमा स्त्रीहरूलाई धार्मिक कार्यमा भागलिने अधिकार थियो । पछि ब्राह्मणहरूको प्रभुत्त्वले गर्दा



Downloaded from http://dhamma.digital/

महिलाहरूलाई सामाजिक समान अधिकारबाट वंचित गरियो । पितृ सम्पत्तिको अधिकारबाट वंचित गरियो ।

ब्राह्मण संस्कृति अनुसार आमाबुबाको मृत्युपछि श्राद्ध गर्ने अधिकार पुरुषवर्गमा मात्र सीमित गराइयो । त्यसैले छोरी पाउनुलाई अशुभ मानिनथाल्यो ।

ब्राह्मण संस्कृति अनुसार महिला (जीवन) आजीवन पुरुषको अधीनमा बस्नु पर्ने देखाइएको छ ।

१. बालकाल आमाबुबाको संरक्षणमा,
२. तरुणी अवस्थामा लोग्नेको अधीनमा,
३. बुढी भएपछि छोराहरूको अधीनमा र संरक्षणमा
४. आफूभन्दा लोग्ने पहिले मरेको खण्डमा आजीवन विधवाको रूपमा बस्नु पर्छ । त्यसैले सती जाने प्रथा चलेको ।

नारीको काम बच्चाको रेखदेख गर्ने, दासीको रूपमा लोग्नेको सेवा गर्ने । भगवान् बुद्धले त्यो दयनीय, अमानवीय अवस्था सुधार्न मानवता ल्याउनु धेरै उत्साह गर्नुभएको थियो । उहाँले भन्नु भएको छ

**"न जच्चा वसलो होति न जच्चा होति ब्राह्मणो,**
**कम्मना वसलो होति कम्मना होति ब्राह्मणो ॥"**

अर्थात् जन्मले कोही पनि नीच हुँदैन, जन्मले कोही पनि ब्राह्मण हुँदैन । कर्म (आफ्नो काम) ले नै नीच र ब्राह्मण हुन्छ । आचरणले नीच र ऊँच हुन्छ ।

भगवान् बुद्धले पोडे जाति सूनीत, सोपाक र हजामे उपालि आदिलाई भिक्षु बनाई भिक्षु संघमा समावेश गराउनु भई उनीहरूलाई समाजको उच्चस्थानमा राखिदिनुभयो । यो बुद्धको मानवताको ज्वलन्त उदाहरण हो । ब्राह्मण संस्कृतिले विभाजित गरिदिएको वर्णाश्रमलाई बुद्धले निन्दा गर्नुभएको थियो ।



Downloaded from http://dhamma.digital/

धार्मिक, व्यापार, कृषी कर्म, राजकर्मचारी बन्नु, धनोपार्जन, धन कमाउनु, सबैको अधिकारको कुरा हो भन्ने बुद्धको सांस्कृतिक र मानवीय विचार थियो । तर इमान्दारीताको आवश्यक छ । विश्वास पात्र बन्नु आवश्यक छ । धन कमाउनु पाप होइन तर कमाएको धनको सदुपयोग हुनु पर्छ ।

बुद्धको सांस्कृतिक र मानवीय विचार अनुसार चरित्रवान नैतिकवान आमाबुबा ब्रह्मा समान हुन्छ । यदि कोही महिलामा अरहत (पवित्र व्यक्ति) हुन सक्ने गुण छ भने उनीहरू पनि भिक्षुणी बन्न सक्ने छन् भनी उहाँले भिक्षुणी संघ गठन गर्नुभयो । यसरी उनीहरूलाई पुरुष सरह समान स्थान दिनुभयो । यो बुद्धको मानवता वाद हो । ■

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

# बुद्धकालीन संस्कृति-२

बुद्धकालीन संस्कृति मुख्यरूपमा दुइ थरिका उल्लेख भएका पाइन्छन् । वैदिक संस्कृति र श्रमण संस्कृति । पालि दीघनिकाय ब्रह्म जाल सूत्र अनुसार ६२ प्रकारका दृष्टि भएका संस्कृतिहरू छन् । यहाँ विशेषरूपमा गौतम बुद्धको श्रमण संस्कृतिबारे चर्चा गर्न लागेको हो । सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गरिसकेपछि कपिलवस्तुस्थित घर घरको दैलोमा उभिइ भिक्षाटन जानुभएको देख्दा शुद्धोदन महाराजले दिक्क मानी सोध्नुभयो - सिद्धार्थ राजसंस्कृतिलाई किन अपमान गरेको के तिमीले राजसंस्कृतिलाई बिर्स्यौ ?

अनि गौतम बुद्धले भन्नुभयो- महाराज ! अब मेरो संस्कृति राजसंस्कृति होइन, श्रमण संस्कृति हो। यसमा जातिभेद छैन। यो त केवल मानवता र समानताको संस्कृति हो । यहाँ श्रमण संस्कृतिको चर्चा गर्नुभन्दा पहिले केही मात्रामा वैदिक संस्कृतिको उल्लेख गर्नु आवश्यक देखिन्छ ।

वैदिक संस्कृति ब्रह्मामा आश्रित र ब्रह्माको आधारमा स्थापित भएको जस्तो लाग्छ । ईश्वरको भरोसा र श्रृष्टिकर्ता मान्नु पर्ने रहेछ । ईश्वरको भरोसामा विश्वास गर्नु त पराधीन र परतन्त्रताको आधारमा पर्नु हो। ईश्वरको चाकडी गरी बरदान पाउनु र प्रसाद लिनु पनि संस्कृति हुँदोरहेछ । आचरण शुद्धी गर्ने होइन रहेछ ।

श्रमण संस्कृति- श्रमण शब्द पाली भाषामा "सम" र संस्कृतिमा श्रम धातुबाट उत्पन्न भएको हो जसको अर्थ उत्साह र परिश्रम गर्नु



Downloaded from http://dhamma.digital/

हो । आफ्नै प्रयत्नबाट माथिसम्म पुग्नु, आध्यात्मिक उन्नति गर्न समाजलाई सुसंस्कृत गर्न मार्ग प्रदर्शनको लागि त्यागी जीवन बिताई गाउँ गाउँमा हिंडेर बाँच्नु यसको अर्थ ईश्वरको भरोसामा नबसी ईश्वरलाई नै श्रृष्टिकर्ता नठान्नु तथा ईश्वरको वरदानलाई आशा नराखी आफ्नै प्रयत्नमा भर पर्नु । स्वाधीन र स्वतंत्रता, स्वावलम्बी र आफ्नो सदाचरण र नैतिकताको बलद्वारा आफै ईश्वर बन्न सक्ने छ भन्ने संस्कृति हो ।

भागवत गीता अनुसार भगवान कृष्ण भन्नुहुन्थ्यो - मामेवशरणं वज-मेरो शरणमा आउ अनि मुक्त हुन्छ, बाइबल अनुसार क्राइष्ट पनि भन्नु हुन्छ- मेरो शरणमा आउ, ममा विश्वास गर अनि सबै दु:ख हरण हुन्छ । गौतम बुद्ध भन्नु हुन्छ - मानिसको उत्थान र पतन हुने आफ्नै हात र कर्मको खेल हो । राम्रो र नराम्रो कामको जिम्मेदार आफै हो अरू कोही हुन सक्दैन । जसले आफ्नो मनलाई राम्रोसंग वशमा राख्न सक्ने छ । त्यसैले ब्रह्मत्व र ईश्वरत्व प्राप्त गर्न सक्नेछ ।

**अत्ताहि अत्तनो नाथो कोहि नाथो परोसिया ।**

**अत्तनाव सुदन्तेन नाथं लभति दुल्लभं ।। धम्मपद**

अर्थ- आफ्नो मालिक (भरोसा) आफै हो । अरु कोही मालिक हुन सक्दैन । आफूले आफूलाई राम्रोसंग दमन गर्न सके आफ्नो मनलाई वशमा लिन सके हामीले ब्रह्मत्व प्राप्त गर्न सक्ने छौं ।

कोही पनि व्यक्ति जात, गोत्र र धनले श्रेष्ठ र ऊँच हुन सक्दैन । चाहे ब्राह्मण होस् चाहे क्षत्री, वैश्य या शूद्र होस सबैलाई दु:खबाट मुक्ति प्राप्त गर्ने अधिकार छ, तर सदाचार र नैतिकता सम्पन्न हुनु अनिवार्य छ । धर्माचरण र शीलाचार हुनु मुख्य कुरो हो । बुद्धको शिक्षा अनुसार संस्कृति र मानवताका मूल आधार मन र चरित्रको पवित्रता हुनुमा छ । बुद्ध यही संस्कृतिको प्रतिपादक हुनुहुन्थ्यो । समानता र मानवता नै बुद्धको संस्कृति हो ।



Downloaded from http://dhamma.digital/

वैदिक संस्कृति चार वर्णाश्रममा आधारित छ । ब्राह्मण, क्षत्री, वैश्य र शूद्र । ब्राह्मणवर्ग धर्मशास्त्र अध्ययन र पठन पाठन तथा पुरोहित काम गर्नमा सीमित थियो । क्षत्री राज्य संचालनमा, वैश्य व्यापार र खेतीको काममा र शूद्र फोहर सफा गर्न संलग्न हुन्थे । वास्तवमा फोहर गर्नेहरू नीच हुनु पर्ने र फोहरलाई सफा गर्नेहरू उच्च र श्रेष्ठ हुनु पर्ने थियो । तर वैदिक संस्कृतिमा फोहर सफा गर्नेहरू झन नीच बनाईदिएको देखिन्छ । यो कस्तो संस्कृति ?

शुरुमा वैदिक संस्कृति अनुसार काम गर्न सजिलो होस् भन्ने मनसाय राखी कार्य र वर्ग विभाजन गरिदिएको थियो । जातिभेद, वर्णभेद थिएन । पछि गएर ब्राह्मण वर्गले आफू चाहिं ब्रह्माको मुखबाट जन्मेको, क्षेत्रीहरू ब्रह्माको छातिबाट, वैश्यहरू जाँघबाट र शूद्र पाउबाट जन्मेको हो भनी वर्णभेद, जातिभेदको कुरो उठाइ असमानता र अमानवीय सिद्धान्तको प्रतिपादन गरिदिएको देखियो । शूद्रलाई ब्राह्मणको दास तुल्याइदियो ।

अर्को अध्ययन गर्न योग्य कुरा के भने आध्यात्मिक उन्नति र आचरण शुद्ध नगरिकन, चित्त शुद्ध नगरिकन शान्ति र ईश्वरत्व प्राप्त गर्न यज्ञ होम आदि कर्म काण्ड शुरु गरेको । यत्ति मात्र कहाँ हो र धर्म ग्रन्थमा उल्लेख भए अनुसार देवी देवता खुशी पार्न पशु बलि, नर बलि समेत वध गरी हिंसा कर्म गर्न अग्रसर भए । अद्यापि नर बलि दिइने कुरा यदा कदा सुन्न पाइन्छ । पशु बलि त हामीकहाँ आज पनि चलिरहेकै छ । बाटो बाटैमा गणेश स्थान र नाश:द्योको स्थानहरूमा ठूलठूला रांगा काटेर रगत बगाउने चलन छ । आ-आफ्नो कर्म सुधार, शरीर, वचन र मन शुद्ध पारी राम्रो काम गर्नु र शुद्धितिर ध्यान दिएको देखिन्दैन । यज्ञ होम आदि कर्ममा असंख्य अन्न, घिउ र प्राणी हिंसा हुने भएको हुनाले तत्कालै त्यसको विरोध भएको थियो ।



Downloaded from http://dhamma.digital/

तत्कालीन बैदिक संस्कृतिका अर्थात् यज्ञ होम, पशु बलि कर्मकाण्डका विरोधीहरू श्रमण संस्कृतिका पथ प्रदर्शकहरू ६ प्रकारका धर्म सम्प्रदाय वा सांस्कृतिक साम्प्रदायहरू देखिन्छन् । पालि साहित्यमा उल्लेख भएका निम्नलिखित आचार्यहरू धर्म प्रवर्तकहरू हुन् । पूरण कस्सप, पक्खलि गोसाल, अजित केशकम्बल, पकुध कच्चायन, संजय बेलट्ठीपुत्र, तथा निगन्धनाथपुत्र पालि त्रिपिटकमा उल्लेख भए अनुसार उपरोक्त सबै आचार्यहरू ठूला प्रसिद्ध र ठूलो संख्यामा अनुयायीहरू भएका थिए । जस्तै साइबाबा, रजनीश आदि । हाल निगन्थनाथपुत्र (जैन सम्प्रदाय) मात्र जीवित अवस्थामा रहेको छ । अरु जम्मै लोप भईसके । किनकि उनीहरू कट्टर ब्राह्मणवादको विरोधी भौतिकवादी थिए । ब्राह्मण संस्कार र ब्राह्मणवाद निक्कै बलियो छ । त्यसैले बौद्ध समाजमा नब्बे प्रतिशत ब्राह्मणवाद र संस्कारले आफ्नो स्थान जमाइसक्यो ।

अब पूर्वोक्त तत्कालीन संस्कृतिका आचार्यहरूको संक्षिप्तमा परिचय लिनु राम्रो होला ।

**१. पूर्ण काश्यप :**

काश्यप गोत्र । १० पुत्र पूर्ण भएकोले पूर्ण नाउँ भएको । उच्छेदवादी अर्थात् नास्तिकवादी । पुण्य पापको फल केही नमान्ने वैदिक आत्मवाद र जैनको अति अहिंसावादको विरोधी ।

**२. मक्खली गोसाल :**

धेरै गाई भएको गोठ मालिकको पुत्र र गोठमै जन्मेको हुँदा गोशाल नाम भएको । मालिकले माखली मन्खली अर्थात् नखसाल भन्दा भन्दै लडेर घिउको घ्याम्पो फुटेकोले मक्खलि गोशाल नाम भएको । प्राणीको जन्म मरण, मानिसको शुद्ध र अशुद्ध हुनेलाई कुनै हेतु विना हुन्छ भन्ने उसको विचार छ । मलतब अहेतुवाद, नियतिवाद, स्वभावधर्मवाद ।



Downloaded from http://dhamma.digital/

**३. अजित केशकम्वल :**

पिताद्धारा राखिदिएको नाम अजित हो । मानिसहरूको रौंको लुगा लगाउने भएकोले अजित केशकम्वल नाम भएको हो । उसको सिद्धान्त चार्वाक मिथ्या दृष्टि हो । मृत्युपछि आफूले गरेको पापकर्म फल भोग्नु नपर्ने । मृत्युपछि पृथ्वी आपो (जल) तेजो (आगो) वायो आकाशमै मिली जान्छ भन्ने कुरामा विश्वास गर्ने व्यक्ति थियो । वैदिक संस्कृति परम्पराको विरोधि थियो ।

**४. पकुध कच्चांयन :**

कात्यायनगोत्र र पकुध पैतृक नाम हो । शास्वतवादी आत्म नित्य सदाकालिक । उहाँको सिद्धान्त अनुसार संसारका प्राणी पृथ्वी, आपो, तेजो, वायु सुख दु:ख जीव यी सात कारणले संसारमा रहेका छन् । यी सात चीज रहेन भने संसार बिनाश हुन्छ ।

**५. सञ्जय बेलट्ठीपुत्र :**

आमाबाबुद्धारा राखिदिएको नाम हो सञ्जय । बाबुको नाउ बेल भएकोले सञ्जय बेलठीपुत्र हुन गएको । जसले जे प्रश्न गरे पनि अमर र जे पनि भन्ने उसको स्वभाव हो । नचाहिने कुरा गर्ने बानि । परलोक छ, छैन कुनै निश्चित सिद्धान्त नभएको ।

**६. निगन्धनाथपुत्र (जैन) :**

क्षत्रिय राजकुमार । समृद्ध परिवार भएको । यशोधरा राज-कुमारीसंग विवाह भएको । पहिलो पल्ट छोरी जन्म्यो भनी विरक्तिएर घर छोडेर निगन्ध निरवस्त्र सम्प्रदायमा गएको । अहिंसा परमो धर्म सिद्धान्त । उहाँको सिद्धान्त र संस्कृति अनुसार मनको कर्मभन्दा शरीरले गर्ने कर्मको फल ठूलो हुन्छ । बुद्धको विचार जस्तो मनलाई प्रधानता दिँदैन । उहाँको सिद्धान्त र शिक्षा हो चतुर्याम । बुद्धको पञ्चशील जस्तै चारवटा शीलको शिक्षा दिनुहुन्छ ।



Downloaded from http://dhamma.digital/

१. प्राणी हिंसाबाट बिलकुल टाढा रहनु,
२. असत्य कुरा गर्नुबाट टाढा रहनु,
३. चोरी कामबाट बिलकुल टाढा रहनु,
४. वस्तु संग्रह गर्नबाट धेरै टाढा रहनु,

श्रमण गौतम सिद्धार्थ माथि उल्लेख गरेका सबै प्रकारका सांस्कृतिक विचार धाराबाट असन्तुष्ट भएर राजगृह हुँदै गया नजीकको उरुवेलमा जानु भयो । किनभने माथि उल्लेख भएको साँस्कृतिक विचारधारामा मध्यम मार्ग देखिएन । अतिमार्ग र अव्यवहारिक संस्कृतिहरू देखियो । जैन तीर्थंकरको अहिंसा नीतिबाट प्रभावित भएको देखिएता पनि जैन धर्ममा मध्यम प्रतिपदा मार्ग देखिएन । अतिमार्ग मतलब साधारण जनताले व्यवहारमा ल्याउन सजिलो छैन भन्ने गौतम बुद्धको विचार हो ।

श्रमण गौतमले अन्तरमुखी भई विपश्यना ध्यानमा चिन्तन मनन गरेर नौलो सांस्कृतिक मध्यम मार्गको प्रतिपादन गर्नुभयो । यसमा पूर्वाग्रह र साम्प्रदायिकता तथा अनैतिकता आदि कुनै प्रकारको गन्ध छैन । श्रमण गौतम बुद्धको ब्याख्या अनुसार त्यसताका धनी र गरीब अर्थात् विलासितामय जीवन र शरीरलाई दुःख हुने धार्मिक व्रत बस्ने अर्थात् पेटभर खाना नखाइकन तपस्या गर्ने तथा पेटभर खाना खान नपाएका दुइथरी संस्कृति थिए ।

धनीहरूलाई जत्ति भए पनि नपुग्ने तृष्णाले सताएको थियो अहिले सम्म सताइरहेको नै देखिन्छ । तृष्णाले गर्दा अरूलाई दुःख हुने काम गर्नमा ब्यस्त थिए धेरैजसो धनीहरू । त्यसप्रकारको संस्कृतिले गर्दा मानवता र समानताको संस्कृति देखिएन । श्रमण गौतम बुद्धले भन्नुभएको थियो । धनमुखी हुने संस्कृतिमा लागेकाहरूले निर्वाण सुखप्राप्त गर्न सक्दैनन् अर्थात दुःखबाट मुक्तहुन सक्दैनन् । किनभने उनीहरू धनको चिन्ताबाट मुक्त छैन । दुःखबाट मुक्त हुनको लागि चिन्ताबाट मुक्त हुनुपर्छ ।



Downloaded from http://dhamma.digital/

अर्को कुरा जीविकाको लागि आधारभूत आवश्यकता पूर्ति नभएका गरीबी संस्कृतिमा परेकाहरूले पनि निर्वाण सुख प्राप्त गर्न सकिन्दैन।

श्रमण गौतमले ज्ञान लाभ हुनासाथै आफूले अनुभव गरेको शुद्ध संस्कृतिको परिचय दिनु हुँदै भन्नुभयो जान्नुपर्ने ज्ञान हासिल गरें, त्यसपछि त्यो ज्ञान र नयाँ संस्कृतिलाई खूब अभ्यास गरेर हेरें। अनि महसूस भयो शुद्ध संस्कृति स्थापनाको लागि पुराना नराम्रा संस्कार र परम्परालाई त्यागिदिनु पर्दोरहेछ। तसर्थ पुराना कुसंस्कारलाई बिलकुल हृदयदेखि निर्मूल पारिदिए। अर्को भाषामा भनुं भने जडै देखि उखालेर फालि दिएँ पुराना संस्कार परम्परालाई। अनि बुद्धत्व प्राप्त भयो। यसले के स्पष्ट हुन्छ भने बुद्धले प्रतिपादन गर्नु भएको संस्कृतिमा पूर्वाग्रह र साम्प्रदायिकता तथा अनैतिकतालाई ठाउँ छैन।

उहाँको संस्कृतिमा (क) शील (सदाचार) (ख) समाधि (चित्त एकाग्रता) र (ग) प्रज्ञा (विवेक बुद्धि) ले ठाउँ ओगटेको छ। आजभोलि जत्ति पनि अनैतिकता भ्रष्टाचार संस्कृतिको वातावरण र विकृति देखिन्छ ती सबै शील, सदाचारको अभावले गर्दा हो।

बुद्धको संस्कृतिमा पाँचवटा शील नियमको उल्लेख छन्। (१) हिंसा कर्म नगर्नु (२) चोरी नगर्नु (३) बलात्कार (व्यभिचार) भ्रष्टाचार नगर्नु (४) अरूलाई दुःख दिने नियतले झूठो कुरा नगर्नु (५) मगजलाई बिगारिदिने मादक पदार्थ सेवन नगर्नु।

(१) यहाँ पहिलो कुरा हिंसा नगर्नु भनेको संस्कृतिमा अलि गहिरो र सन्तुलित मस्तिष्कले ध्यान दिनु र बुझ्नु आवश्यक छ।

बुद्धकालीन समयमा हजारौं प्राणीहरू धर्मको नाउँमा बलि चढाउने अर्थात् मार्ने चलनचल्ति भएको संस्कृति थियो। त्यो पाशविक संस्कृति अहिलेसम्म विद्यमान छ। दशैंको अवसरमा धर्मको नाउँमा कति राँगा, बोका, हाँस आदि काटिन्छन्। मंगलबार, शनिबारको दिन दक्षिण-



Downloaded from http://dhamma.digital/

कालीमा र पोखरा, धरानमा बिन्दुबासीनी, कालीदेवी कहाँ कति प्राणीहरू हिंसा गरेर रगत बगाइन्छन् । यो कस्तो निन्दनीय संस्कृति हो ? बुद्धको भनाई अनुसार हिंसा गरेर पनि धर्म हुन्छ ? यो कहाँबाट आएको संस्कृति हो ?

सबैभन्दा पहिले बुझ्नु पर्ने र ध्यान दिनु पर्ने कुरो अहिंसा संस्कृतिको महत्व मानिसले मानिसलाई नै पशु मार्ने जस्तै मार्ने चलन चल्तिलाई रोक्नु पर्दछ । आजभोलि विभिन्न कारणले गर्दा लोग्नेले आफ्नै स्वास्नीको गर्दन काटीदिने गर्छन्, आफूलाई चाहिने बेलामा चिया बनाई दिएन भनेर तथा माइतीबाट दाइजो ल्याइएन भनेर त्यसरी नै श्रीमतीले पनि आप्नो श्रीमानको गर्दन काटेको समाचार सुन्न पाइन्छन् । अंशबण्डाको कुरामा छोराले आमासंग पैसा माग्दा पैसा दिएन भनेर आमालाई नै काटिदिने । यस्ता हिंसा कर्म गरिने समाजमा मानवता र संस्कृति छ भनी कसरी विश्वास गर्ने ? त्यसैले बुद्धले प्रतिपादन गर्नु भएको अर्थात् श्रमण संस्कृतिमा पहिलो सदाचारमा हिंसा नगर्नु भन्ने नियम पालन गर्नु अति आवश्यक छ । काटमार गर्ने परम्परामा संस्कृति कसरी टिक्ने ?

(२) सदाचारको दोश्रो बुँदामा चोरी नगर्नु भनेको ठूलो कुरो हो । जहाँ चोरीको वातावरण हुन्छ त्यहाँ भय र त्रासको राज्य हुन्छ । शान्तिको अभाव हुन्छ । आजभोलि बालकदेखि ठूलाबडा मानिसको (राजदूत स्तरको मानिस) पनि अपहरण भईरहेका समाचार दिनहुँ जस्तै सुनिन्छ । आइमाईहरूको अपहरण गरी बलात्कार गरेर पनि मारेर कुकुर फाले जस्तै फालिदिने जस्ता थुप्रै घटनाहरू सुन्नमा आउँछन् । अरूले परिश्रम गरेर दुःख कष्ट गरी कमाइराखेको धन सम्पत्तिको चोरी हुँदाखेरि मानिसहरूले ठूलो आपद विपद भोगिरहनु परिरहेको छ । महिलाहरूको घाँटीमा र कानमा लगाईएका गहनाहरू छिनेर लुटेर लैजाँदा कस्तो दुःख



Downloaded from http://dhamma.digital/

भोग्नु पर्दोरहेछ। यस्तो वातावरणमा बसेर पनि मानवता र संस्कृति बाकि छ भनेर कसरी भन्नु ?

विश्वसम्पदाको सूचीमा हाम्रो देशको नाम पनि परेको छ। हाम्रो देशमा अमूल्य देवी देवताको मन्दिरको राज्य नै छ। देश गरीब भए पनि हाम्रो सांस्कृतिक वस्तुको धनले गर्दा हामीले गर्वको महसूस गर्छौं। तर मन्दिरको मूर्तिहरू धेरै हराईसकेका छन् । चोरि भैसकेको छ । विदेशिएको छ। तिनीहरू मध्ये धेरैजसो लण्डन र अमेरिका आदि देशको म्युजियममा प्रदर्शित र सुरक्षित छन् भने जनगुनासो सुनिन्छन्। नेपालका धेरै नै मन्दिरहरू चरा नभएको पिंजडा जस्तै विनामूर्तिको मन्दिर भैसकेको छ । तैपनि हामीले संस्कृतिको संरक्षण गर्न सकेका छैनौं । किनकि हामीकहाँ उच्चस्तरीय अशिक्षित सुसंगठित मूर्ति चोरहरू सक्रिय छन्।

मूर्ति मात्र चोर्ने हैन सांसदहरू समेत पनि चोर्ने र अपहरण गर्ने संस्कृतिको उदय भएको बुद्धको जन्मभूमि नेपालमा । सरकारप्रति अविश्वास प्रस्ताव आउने बेला भेंडा बाखा खरीद विक्री गर्ने जस्तै सांसदहरूको खरीद विक्री हुन्छन्। सांसदहरू बैंकक निर्यात गर्ने गर्छन् यो कस्तो प्रकारको संस्कृति देखा पर्न थालेको सगरमाथाको देशमा ? नौलो प्रजातंत्र संस्कृतिले खूब नाम कमाएको छ । हाम्रो नेपालमा बुद्धको संस्कृतिमा चोरी गर्नु हुँदैन भनिन्छ। तर बुद्धको जन्मभूमि नेपालको लागि केही महत्व रहेन यो नियमको।

(३) तेश्रो नियम छ बुद्धको संस्कृतिमा कामेसुमिच्छाचारा वेरमणी सिक्खापदं समाधियामी अर्थ- पंच कामहरू सम्बन्धी विषयमा बलात्कार, भ्रष्टाचार आदि अनैतिक काम नगर्नु शिक्षा धारण गर्छु। यहाँ कामेसु शब्द बहु वचन हो । यसमा केवल व्यभिचार र स्त्रीपुरुष बीच मात्रको विषय होइन। पंच इन्द्रिय र विलासितामय जीवनसित सम्बन्धित



Downloaded from http://dhamma.digital/

छ। सुविधामुखी बनी जत्ति पनि अनैतिक, भ्रष्टाचार गरिन्छन् ती सबै यस अन्तरर्गत नै पर्दछन् । महत्वाकांक्षी बनी, इच्छाको वशमा परी मिथ्या आचरण नगर्नु हो । यस शिक्षापदको धेरैजसो व्याख्या गरिएको व्यभिचार नगर्नु भनेर लेखिएको देखिन्छ । तर "कामेसु" बहु वचन हो । हामी साधारण तथा आँखा, कान, नाक, मुख जिब्रो र शरीर यी पाँचको आरम्मण रूप, शब्द, गन्ध, रस र स्पर्श यी पाँचमा भुलिरहन्छौं । मतलब उपयुक्त पाँच भौतिक विषय वस्तु भोग गर्नमा आशक्त हुन्छौं । त्यसैले त्यही महत्वाकांक्षाको कारणले भ्रष्टाचार, कालो बजार, बलात्कार र कमिशन लिने आदिकार्यहरू गर्दछन् । कोही आइमाईहरूले देह व्यापारमा लाग्छन् । मानिसहरू यस्ता आचरणमा संलग्न रहुञ्जेलसम्म संस्कृतिको संरक्षण र महत्व रहँदैन । साथै मानवता पनि रहँदैन ।

बुद्धकालीन समाजमा पनि यस्ता कुचाल, कुसंस्कृति भएकोले नै गौतम बुद्धले यो पंचशीलको नियम बनाउनु भएको हो । मनलाई बशमा नराखी मनको अधीनमा, तृष्णाको अधीनमा परी मानिसहरू अति उपभोक्तावादी सुविधामुखी र विलासितामय जीवनमा फसेको छ । फलस्वरूप नानाथरी अन्याय अत्याचार संस्कृतिको प्रभुत्व जमेको छ ।

(४) चौथो हो मुसावादा वेरमणी सिक्खापदं समादियामी : अर्थ - म झूठो कुरा नगर्ने शिक्षापद ग्रहण गर्दछु । मतलब असत्य कुरा गर्दिन भनी शपथ ग्रहण गरेको हो । यसमा झूठो कुरा मात्र नगर्ने होइन । यस्मा अरूको अहित चिताएर असत्य कुरा गर्ने , फुट ल्याउनको निम्ति चुक्लि गर्ने मान हानि हुने किसिमको कुरा गर्नु, आफूलाई पनि अरूलाई पनि अहित हुने व्यर्थको कुरा गर्नु यी चार प्रकारका अशोभनीय कुरागर्नु बुद्धको संस्कृतिलाई नसुहाउने कुरा हुन् । यस्ता कुसंस्कृतिले मानवतालाई नै सखाप पारिदिन्छ । आजभोलि त अधिकांश अखबारहरूमा अरूलाई अहित हुने एकआपसमा फुट ल्याउने, चरित्रहत्या



Downloaded from http://dhamma.digital/

हुने खालका फत्ताहा कुराले भरिएको छ । यस्तो संस्कृति कहाँबाट आएको ? प्रजातन्त्रको संस्कृतिमा यस्तो कुरा लेखिएको छैन । तर, वर्तमान नेपालमा प्रजातन्त्र रक्षाको लागि यस्ता संस्कृति चाहिएको जस्तो छ ।

टी.भी. र भी.डि.ओ.मा नौलो सँस्कृति प्रचारमा आएकोले कुसंस्कृतिलाई प्रोत्साहन मिलेको छ । समाजमा भ्रष्ट चरित्र विकास भैरहेको छ । केटाकेटीका सँस्कार र सँस्कृति नै बिगारिसक्यो ।

(५) पाँचौं नियम हो : सुरामेरय मज्जपमादट्ठाना वेरमणी सिक्खापदं समादियामी । अर्थ - मगजलाई बिगारिदिने, बेहोश बनाइ दिने मादक पदार्थ सेवन नगर्ने शिक्षापद ग्रहण गर्दछु ।

रक्सी सेवन गर्नु राम्रो छैन, खतरा छ भन्ने कुरा कसलाई थाहा छैन र ? आजभोलि त रक्सी पानले गर्दा घर घरमा झैं झगडा, मारकाट हुने गर्दछ भन्ने कुरा दिनका दिन रेडियो नेपालले प्रचार गर्दै आएको छ । तर हाम्रो नेपाली समाजको सँस्कृतिमा रक्सी अनिवार्य छ । बज्राचार्यहरूको पूजा आजामा रक्सी नभै नहुने पदार्थ हो । घर घरमा रक्सी छैन भने इज्जत नै रहँदैन । भिक्षुहरूलाई भोजनको लागि निमन्त्रणा दिन्छन् । घरघरमा जानु पर्छ । तर धेरै जसो ठूलठूला र ठूलाबडा व्यक्तिका घरहरूमा दराजभरी देशविदेशको रक्सी शीशीहरू लाइनै राखी सजाइएको देख्न पाइन्छ । साधारण घरमा भने भित्र-भित्रै लुकाएर राखेका हुन्छन् । त्यही घरहरूमा भिक्षुहरूले उपासकहरूलाई मादक पदार्थ सेवन नगर्ने आदि बारे पञ्चशील प्रार्थना गराउँछन् । खेती काम गर्ने ज्यापू समाजलाई पनि रक्सी, जाँड नभै नहुने । रक्सी जाँड खानु र ख्वाउनु उनीहरूको सँस्कृति नै भैसक्यो । उनीहरूको लागि बुद्धको रक्सी नखाने सँस्कृति अनुशरण गर्ने सजिलो काम होइन । नेवारहरूको (शाक्य बज्राचार्यहरूको) गुठी गाना पूजा आजामा रक्सी नभै नुहुने देखिन्छ । फेरि किसानहरूले प्रशन उठाउँन्छन् - खेतमा कीटनाशक औषधि छर्नु पर्छ र



Downloaded from http://dhamma.digital/

मुसाले सान्है दु:ख दिन्छ, अनि के गर्ने ? यस अर्थमा बुद्धको पञ्चशील सम्बन्धि सँस्कृति प्रचार प्रसार गर्न अलि अप्ठचारो पर्न जान्छ त्यसैले यस विषयमा व्यवहारिक हुने गरी प्रचार प्रसार गर्न पाए हुन्छ कि ? भन्ने प्रश्न पनि उठेको छ ।

सांच्चिनै भनूं भने यदि शान्ति, मानवता तथा सँस्कृतिको संरक्षण र रक्षा गर्ने हो भने रक्सी आदि मादक पदार्थलाई उत्पादन नगर्नु राम्रो हुनेछ ।

गाउँ गाउँमा आमा समूह नामका महिला संगठनले रक्सी निषेधित क्षेत्र बनाउन आन्दोलन चलाईरहेका छन्, रक्सी सेवन नगराउनु आ-आफ्ना लोग्नेसँग झगडा गरिरहेका छन् । किनभने आ-आफ्ना लोग्ने रक्सी खाएर मात्तिएर आफ्ना श्रीमतीहरूलाई कुटपिट गरी शोषण गरिरहेका छन्, दु:ख दिइरहेका छन् । उदाहरणार्थ रेडियो नेपालले दिनका दिन प्रचार गरिरहेको छ रक्सीले गर्दा घर-घरमा झगडा भैरहन्छ भनेर ।

भगवान् बुद्धको पञ्चशील सँस्कृतिमा अबौद्धहरूलाई पच्न नसक्ने बुझ्न नसक्ने एउटा कुरो छ – त्यो हो प्राणी हिंसा भने गर्नु हुँदैन । तर मांसभक्षण गर्न भने हुन्छ अर्थात् मासु भने खानु हुन्छ । गौतम बुद्ध स्वयं मासु खानु हुन्थ्यो । यसबारे पालि त्रिपिटक साक्षी छ ।

अबौद्धहरूले बुझ्न नसकिने कुरो हो, प्राणी हिंसा गर्नु हुँदैन तर मासु खान हुन्छ । मासु खाँदाखेरि हिंसा कार्यलाई प्रेरणा मिल्ने गर्छ । यो प्रश्न बौद्ध देशमा उठ्दै उठ्दैन । हिन्दूस्तान र नेपालमा मात्र प्रश्न उठ्ने गर्दछ । सबै बौद्ध देशहरूमा ९९ प्रतिशतले मासु खान्छन् । चीन भियतनाम तथा कोरियन भिक्षुहरूले मात्र मासु खान्दैनन् । उनीहरूको नियममा मासु खानु हुँदैन भनेर लेखिएको छ । तर थेरवादी देश थाइल्याण्ड, म्यानमार (बर्मा) श्रीलंका, क्याम्बोडिया र लाओस थेरवादी देशमा शतप्रतिशत बौद्धहरू र भिक्षुहरूले मासु खान्छन् । फरक के छ



Downloaded from http://dhamma.digital/

भने हामीकहाँ जस्तो आफैले मारेर मासु खान्दैनन् । पसलमा बेचिराखेको किनेर मात्र खान्छन् । उता मुसलमानहरूले मासु बेच्छन् । बुद्धको सँस्कृतिमा मासु खान प्रतिबन्ध नभएको र हिंसा गर्न चाहिं नहुने नौलो कुरो र नौलो सँस्कृति हुनपुग्यो । यो यसो हेर्दा व्यवहारिक देखिए पनि भारतीय र नेपाली धार्मिक दृष्टिकोणले अव्यवहारिक देखियो । श्रीलंका, म्यानमार, थाइल्याण्ड, क्याम्बोडिया, लाओस्, चीन, मंगोलिया, कोरिया आदि बौद्ध देशहरूमा ९९ प्रतिशत बौद्धहरू मांसभक्षी छन् । चीनी र भियतनामी भिक्षुहरू मात्र शाकाहारी हुन् । मंगोलिया र तिब्बतमा लामाहरू सबै मांसभक्षी हुन् ।

मांस खानु हुँदैन भन्नु अव्यवहारिक हो किनभने भिक्षुहरू भिक्षाटन गरेर जीविका चलाउनु पर्ने व्यक्तिहरू हुन् । घर घरमा जे जे पकाएको छ त्यही भिक्षा पात्रमा प्राप्त हुन्छ । त्यही खाएर जीविका चलाउँछन् । आज पनि थाइल्याण्डमा लाखौं भिक्षुहरूले भिक्षाटन गरेरै जीविका चलाइरहेका छन् । बुद्धको समयमा शुरू शुरूमा भिक्षुहरूले मासु खान्दैनथे । तर भिक्षाटन जाँदाखेरि मासु सहित भिक्षा प्राप्त हुन्थ्यो । अनि नखाइकन भोकै बस्नु पऱ्यो । अनि भगवान बुद्धले नियम बनाई दिनुभयो आफ्नो लागि नै भनी प्राणी मारेको नदेखेको, आफ्नो लागि नै भनी प्राणी मारेको हो भनी नसुनेको, आफ्नो लागि नै मारेको हो भनी शंका नलागेको मासु खाए हुन्छ, यसलाई आपत्ति छैन ।

पञ्चशीलको प्राणी हिंसा नियम उल्लंघन हुनको लागि निम्न लिखित ५ अङ्ग पूर्ण हुनु जरूरी छ :–

**पाणो च पाण सञ्ञिता धातु चित्तञ्चुपक्कमो**
**तेनेव मरणञ्चाति पञ्चिमे वधहेतुयो ।**

यस गाथा अनुसार -



Downloaded from http://dhamma.digital/

१) जीवित प्राणी हुनुपर्छ,

२) यसमा प्राण छ भनी संज्ञा हुनुपऱ्यो,

३) मार्ने चेतना हुनुपऱ्यो,

४) हत्या गर्ने प्रयत्न हुनुपऱ्यो,

५) प्राणै लिनु ।

उपर्युक्त पाँच अङ्ग पूर्ण भएको खण्डमा मात्र हिंसा हुन्छ । खानलाई पकाएको मासुमा उपरोक्त पाँचै अङ्ग समावेश भएको छैन । त्यो मासुमा प्राण छैन । मासु जीवित प्राणी होइन । मार्ने चेतना र मार्ने प्रयत्न गर्ने तथा प्राण लिनु पनि पर्दैन । ■



Downloaded from http://dhamma.digital/

# बुद्धको स्वतन्त्र चिन्तन

गौतम बुद्धका धेरै विशेषता छन् । त्यस मध्येको एक विशेषता हो– स्वतन्त्र चिन्तन । मानव समाजको विकासको निमित्त स्वतन्त्र चिन्तन आवश्यक छ । संसारमा अरू कुनै पनि गुरुहरूले नदिएको स्वतन्त्र विचार गौतम बुद्धले आफ्ना अनुयायी श्रावक (शिष्य) हरूलाई दिनुभएको छ । यो वहाँको एउटा अतुलनीय गुण हो । बुद्धले अरूले जस्तो आफूलाई आफैले कहिल्यै सर्वज्ञ भन्नुभएन । वहाँले मैले भनेका सबै सत्य हुन्, अरूको असत्य हो भनेर कहिल्यै भन्नुभएन । अरू अरूका गुरुजन (शास्ता) हरूले त आफ्नै उपदेशलाई मात्र सत्य हो भनी विश्वास गऱ्यो भने मात्र दुःखबाट मुक्त हुन्छ, अन्यथा हुँदैन भन्ने गर्छन् । बुद्धले त मैले भनेको भनी आँखा चिम्लेर विश्वास गर्नु पर्दैन भनेर शिष्यहरूलाई उपदेश दिनु भएको कुरा अंगुत्तर निकायमा छ । त्यही कुरा स्पष्ट गर्नको लागि यहाँ केही अंश उद्धरण गरिएको छ ।

एक दिनको कुरो हो । गौतम बुद्ध भिक्षु संघसहित जिल्ला जिल्लामा बहुजन हितार्थ चारिका (भ्रमण) गर्न जानुभएको थियो । त्यस बेलामा शिष्यहरूले वहाँलाई नमस्कार गरी नजिकै एक छेउमा बसी आ-आफ्नो परिचय दिए । अनि कुशल वार्ता पश्चात् उनीहरूले बुद्धलाई भने–"भन्ते (स्वामी) कुनै कुनै श्रमण भनी यहाँ केशपुत्र गाउँमा आउँछन् । आफ्ना आफ्ना मत (धर्म) मात्र माथि पारेर कुरा गर्छन् । अरूहरूको मत (वाद) लाई खण्डन गर्छन् । अर्थात्, आफ्नो धर्म मात्र सत्य हो, अरूको असत्य । यसले हामीलाई शंका र भ्रम हुन्छ कि कसले भनेको कुरा सत्य हो, कसले भनेको झूठा ।" त्यसपछि बुद्धले– "हे कालामहरू ! शंका



Downloaded from http://dhamma.digital/

गर्ने र हुने ठाउँमा शंका भयो, ठीक छ । यस प्रकारको भ्रम हुनु स्वभाविक छ । शंका उत्पन्न हुने ठाउँमै शंका उत्पन्न भयो" भन्नुभयो । तर मेरो विचार पनि सुन्नुस् ।

(१) कहिल्यै नसुनेको (अनुस्सवेन) (२) परम्परागत (परम्पराय) (३) यस्तै नै भनी राखेको (इतिकिराय) (४) हाम्रो धर्मग्रन्थमा मिल्दछ (पिटक सम्पदानेन) (५) तर्कानुकूल (तक्कहेतु) (६) न्यायानुकूल (नयहेतु) (७) यसको आकार प्रकार ठीक छ । (आकार परिवितक्केन) (८) यो हाम्रो विचारसँग मिल्छ (दिट्ठिविज्झानक्खन्तिया) (९) यो मानिस राम्रो छ (भव्यरुपताय) (१०) उपदेशक श्रमण हाम्रो पूज्य (समणो अम्हाकं गरुति) ।

हे कालामहरू ! जस्तो सुन चाँदी आगोमा पोलेर परीक्षा गरी हेरिन्छ, त्यस्तै जुनसुकै वा कसैको कुरा पनि आफ्नो स्वतन्त्र दिमागले जाँचेर नहेरेसम्म विश्वास नगर । आफ्नो दिमागरूपी तराजुमा तौलेर यो असल हो, भविष्यसम्म हित हुने हो । जीवनमा उपयोगी हुने हो । सधैंलाई मिल्ने र पालन गर्न सक्ने हो भनी बुझिन्छ भने मात्र स्वीकार गर । (अंगुत्तर निकाय)

एउटा अर्को पनि स्वतन्त्र चिन्तनको बारेमा गौतम बुद्धको विचार मझिम निकायमा समावेश भएको छ । जसको सारांश यहाँ उल्लेख गर्न चाहन्छु । गौतम बुद्धले आफ्ना शिष्यहरूलाई यस्तो पनि आज्ञा गर्नुभएको छ – मानिसले यही जीवनमा फल दिने हो, मरेपछि होइन । दु:खबाट मुक्त हुने भए पनि तिमीहरूलाई बोझ र कष्ट भए मन नपराई कुनै पनि कुरा ग्रहण गरी राख्नु पर्दैन । "कुल्लुपमाहं भिक्खवे धम्मं देसेमि नित्थरणत्थाय नोगहणाय ।" अर्थात् मैले तिमीहरूलाई डुंगाको उपमा जस्तै धर्मउपदेश गरें । नदी पार भइ जानलाई डुंगाको सहायता चाहिन्छ । पार भैसकेपछि त्यो डुंगा बोकेर कोही पनि हिंड्दैन । त्यस्तो त्यो दु:खबाट मुक्त हुन लागि हो, समाति राख्नलाई होइन । (मज्झिम निकाय)



Downloaded from http://dhamma.digital/

परिनिर्वाण हुने बेलामा गौतम बुद्धले भिक्षुहरूलाई भन्नुभयो– तिमीहरूको सहमति भए म नभएपछि स-सानो विनयनियम छोडे पनि हुन्छ । "आककङ्खमानो आनन्द सङ्घो ममच्चयेन खुद्दानु खुद्दकानि सिक्खापदानि समूहनेय्य" (विनय पिटक- चुलवग्ग)

एवं प्ररकारले आफ्ना अनुयायी श्रावकहरूलाई समयानुसार विनय नीति हेरफेर गरेर लैजाने मौका दिनुभएकोले वहाँ कति स्वच्छ विचार र प्रजातन्त्रप्रेमी हुनुहुँदो रहेछ भन्ने कुरा देखिन्छ ।

यस प्रकार स्वतन्त्र चिन्तनलाई बुद्धले महत्वपूर्ण स्थान दिनु भए पनि विनय पिटकको नियम अनुसार सामाजिक परिवर्तनलाई ठाउँ दिनुभएन भन्ने कसै कसैको गुनासो हो । तर, यो विचार नपुगेको र नबुझेको कुरो भन्नमा अत्युक्ति नहोला । कसैले त्यस्तो किन भनेको भनी बुझाउनको लागि केही उद्धरण गर्छु । "नभिक्खवे राजभटो पब्बाजेतब्बो" अर्थात् भिक्षुहरू ! राज्यका रक्षक सिपाहीलाई भिक्षु बनाउनु हुँदैन ।

"नभिक्खवे दासो पब्बाजेतब्बो" अर्थ- हे भिक्षुहरू ! दासलाई भिक्षु बनाउनु हुँदैन ।

"नभिक्खवे इणायिको पब्बाजेतब्बो" अर्थ- हे भिक्षुहरू ! ऋण भएकालाई भिक्षु बनाउनु हुँदैन । (विनयपिटक महावग्ग)

यही नियम देखेर बुद्धले सामाजिक परिवर्तन गर्नलाई ठाउँ दिएन भन्नु सीमित बुद्धिको फल हो । अनुचित हो ।

गौतम बुद्धले स्थापना गर्नुभएको संघ नै समाज परिवर्तनको ज्वलन्त उदाहरण हो । त्यस्तो संघको संगठन त्योभन्दा अगाडि कसैले, कहीं स्थापना गरेको छैन । सबै अनित्य (परिवर्तनशील) अनात्मा भनी आज्ञा गर्नु हुने गौतम बुद्धको धर्ममा समाज पनि अनित्य भन्ने कुरा भित्रैको हुनुपर्दछ, परिवर्तन हुनै पर्दछ । त्यस्तो  भए तापनि पनि वहाँले तत्कालीन गलत धारणालाई बदल्नको लागि जति प्रयत्न गर्नुभयो, त्यति



Downloaded from http://dhamma.digital/

परिवर्तन गर्नलाई क्रियाशील हुनुभएन । किनकि त्यसबेलाको समाजलाई परिवर्तन गर्न अप्ठ्यारो भयो । बुद्धकालीन समाज दासहरूको श्रम शक्तिले पल्हाइरहेको समाज हो । त्यसैले तत्कालीन समाजलाई दास समाज अत्यावश्यक अङ्ग भइरह्यो । दासहरूको तर्फबाट मालिकलाई हुने भय नभइरहेको नै राज्य सेना र सिपाहीहरूले गर्दा भएको हो । देशको रक्षा भइरहेको पनि पल्टनले गर्दा हो । त्यसैले सिपाहीहरू पनि त्यसबेलाको समाजको अत्यावश्यक अङ्ग भइरह्यो ।

कोसल राजाका दुई चार जना सेनाहरू भागेर गई भिक्षु हुन पुगे । त्यो कुरा थाहा पाउने वित्तिकै सेनापतिले भिक्षुहरूलाई सार्है नै निन्दा गरे । यो कुरा राजाले न्यायमन्त्रीसँग सोधे– "राज्य सैनिकहरूलाई भिक्षु बनाउनेलाई के दण्ड दिनुपर्छ ?" न्यायमन्त्रीले भने– "अनुशासन (शिक्षा) गर्ने कर्मवाचार्यको जिब्रो काट्नु पर्दछ । जुन संघसँग अनुमति लिएर भिक्षु बनेको हो, त्यो संघको करङ्ग टुक्रा टुक्रा पारेर भाँचिदिनु पर्दछ ।" तत्कालीन शासनको सेना अनुसार यदि गौतम बुद्धले केही गरी दास र सेनाहरूलाई पनि भिक्षु गर्ने अनुमती दिनुभएको भए सरकार र बुद्धको बीचमा संघर्ष हुन सम्भव थियो । दास र सैनिक प्रव्रजित गर्ने काम नरोकिएको भए त्यसबेलाका सत्ताधारी राजनीतिक र पूँजीपतिहरूले सबै संघहरूको करङ भाँची दिन्थे भनी भन्न सकिन्थ्यो ? यस्तो समाजमा शान्तिपूर्वक समाज परिवर्तन गर्नेलाई स्थान छैन भन्नु आश्चर्यको कुरो होइन ।

तलको घटनालाई राम्रो विचार गरी हेर्दा आर्थिक परिस्थिति अनुसारले र ठाउँ हेरेर पनि जीवन परिवर्तन हुने, अनि साथै नियम पनि । यस कारण हामीले कल्याण गर्न सक्छौं कि व्यक्ति वा समाज नियमको लागि होइन, बरु नियम व्यक्ति र समाजको लागि हो । उदाहरणको लागि यौटा कुरा यहाँ उद्धरण गरिएको छ । एकपल्ट



Downloaded from http://dhamma.digital/

अवस्थानुकूल बढ्ता नै विनय (नियम) बनाउनु पर्दछ भन्ने सारिपुत्र महास्थविरको प्रार्थनालाई बुद्धले अस्वीकार गरी भन्नुभयो– “घाउ नभैकनै औषधि लगाउने ? कुनै कारण नभैकनै विनय नीति बनाउनु बुद्धिमानिता होइन । आवश्यकतानुसार मात्र नियम बनाउनु बेश हुन्छ ।” ■



Downloaded from http://dhamma.digital/

# मूर्खहरूको संस्कृति

सँस्कृति भनेको साधारणतया राष्ट्रिय, जातीय चालचलन हो। कहिल्यै पनि परिवर्तन नहुने, संधै एउटै रूप भैरहने वस्तु, थिती-रीति, समूहलाई सँस्कृति भनिँदैन। समय र वातावरण तथा हेतु-प्रत्यय लाभ अनुसार बदल्दै जाने स्वभावलाई सँस्कृति भनिन्छ। अर्को अर्थमा भन्नुपर्दा मानवलाई हीनत्वबाट उच्चस्थानमा लैजानु सँस्कृति हो। विशेष रूपले सँस्कृतिमा शिष्टाचार, सभ्यता, चालचलन, नाट्य, संगीता, चित्रकला, शिल्पकला र धर्म समावेश हुन्छ।

सबै राष्ट्रहरूमा आ-आफ्ना संस्कृति अनुसार चाडपर्वहरू मनाइने गरिन्छ। यसरी मनाइने थिति-रीतिहरूलाई सँस्कृतिको रूपमा मान्यता दिने चलन छ। तर सँस्कृति भन्दैमा समाजलाई नै अप्ठेरो पार्ने र अपमानित हुनुपर्ने खालका थिति-रीतिहरूलाई पनि मान्नैपर्छ भन्ने केही बाध्यता छ त ? सँस्कृतिको सही अर्थ त सभ्य समाज र शिष्ट चलन हो। नेपालमा आजको युगलाई नसुहाउने खालका र साधारण जनजीवनलाई हानी पुऱ्याउनेखालका तीनवटा चाडपर्वलाई सँस्कृतिको नाम दिँदै मनाइरहेको देखिन्छ। ती हुन– होली, शिवरात्री र फोहर जथाभावी फालीराख्ने।

शिवरात्रीको दिन त कोही अशिक्षित, उपद्रयाहा मानिसहरूले अरूहरूको घरको दलिन, खापा, भऱ्याङ र मोटरका टायर आदि चोरेर भए पनि अग्नि देवताको पूजा गरी नक्कली धार्मिक बन्दै आफ्नो सँस्कृतिलाई रक्षा गरिरहेको देखिन्छ। त्यस्तै बाटोमा डोरी बाँधी बाटो



Downloaded from http://dhamma.digital/

छेकी बटुवाहरूसँग (जगात) माग्दै दिनभरि दुःख दिइरहनु यो कस्तो सँस्कृति हो ?

अर्को संस्कृति हो– होली ! हुन त यो सँस्कृति बुद्धको समयमा पनि चल्दै आएको पर्व थियो । त्यसैले बुद्धले यस सँस्कृतिलाई "मूर्खहरूको उत्सव" भन्नुभएको कुरा पालि साहित्यमा नै उल्लेख छ ।

बुद्धको समयमा सात दिनसम्म उपद्र्याहा मानिसहरूले आ-आफ्नो अनुहारमा, सारा शरीरमा गोबर, कालो रङ्ग र खरानी आदि दलेर फोहर गीतहरू गाउँदै घरको दैलो-दैलोमा घुम्दै गाली दिँदै रमाइलो मान्ने गर्दारहेछन् । लाज-शर्म नमान्ने ती अशिष्ट व्यक्तिहरूले गौतम बुद्धलाई समेत गाली गर्दै रङ्ग खेल्ने गरेको हुनाले सभ्य र शिक्षित दाताहरूले गौतम बुद्धसहित भिक्षुहरूलाई सात दिनसम्मको लागि नै विहारमा खाद्य सामग्रीहरू पुऱ्याइदिने गर्दथे ।

सात दिनसम्म अर्थात् होली पर्व सिध्याएपछि बुद्धमार्गीहरूले भगवान् बुद्ध र भिक्षुहरूलाई आफ्नो घरमा निमन्त्रणा गरी भन्ने गर्थे– तथागत शास्ता ! यो होलीको सात दिन बाहिर जान नपाउने हुनाले साह्रै कष्टपूर्ण तरिकाले बितायौं । त्यसैले तपाईंहरूलाई पनि विहारबाट बाहिर ननिस्कन अनुरोध गरी सात दिनसम्म विहारमा नै भोजनको व्यवस्था मिलाएका हौं । त्यसपछि भगवान बुद्धले भन्नुभयो– "मूर्ख र अशिक्षितहरूको काम र सँस्कृति यस्तै हुने गर्छ ।"

बुद्धकालीन समयमा मात्र होइन, नेपालमा आजभोलि पनि कहीं-कहीं त होली शुरू हुनु दुई हप्ता पहिले देखिनै मानिसहरू बेलुनमा फोहर पानी भरी बटुवाहरूलाई हान्दै आनन्द लिने गर्छन् । साह्रै अशोभनीय सँस्कृति हो यो ।

संस्कृतिको रक्षा गर्नेहरूले यो विचार गर्नुपरेको छ कि यो हाम्रो सँस्कृति सभ्य दुनियाँको अगाडि राख्न लायक छ कि छैन ? यो संस्कृतिले



Downloaded from http://dhamma.digital/

हाम्रो जीवनलाई शोभा दिन्छ कि दिँदैन ? यतातिर ध्यान नदिइकन केवल "हाम्रो सँस्कृति" मान्नु भनेर समयलाई हेला गरेको खण्डमा यो सँस्कृति हास्यास्पद हुन जान्छ । किनभने सँस्कृति शब्दले आफ्नो स्वभाव व्यक्त गर्दछ । यस्ता घृणित सँस्कृतिलाई सरकारले निगरानी राखी नियन्त्रण गर्नसके यस्ता अश्लील र असभ्य सँस्कृतिबाट पीडित जनताले सन्तोषको स्वास फेर्न सक्ने थिए । र, यस्तो होलीको असभ्य कार्यबाट सृजना भएको प्रदूषित वातावरण हट्न गई सबैको भलो नै हुने थियो । सबैको भलो गर्नु नै धार्मिक कार्य होइन र ? ■



Downloaded from http://dhamma.digital/

# बुद्धको संस्कृतिमा आलोचना र आत्मालोचना

भनिन्छ– "विद्याहिनं पशु"। अत: शिक्षा जीवनको यौटा अभिन्न अंग हो, जसबिना मानिस शिक्षित, सभ्य र सुसंस्कृति हुन सक्दैन। शिक्षा कुनै पनि राष्ट्रको मेरुदण्ड हो। कुनै पनि देशमा सुधार, विकास र शान्तिको स्थापना गर्न सर्वप्रथम त्यहाँ शिक्षित र सभ्य नागरिकको निर्माण हुनु अत्यावश्यक छ। परदोष मात्रै देख्नु, अर्काको निन्दा, चर्चा मात्रै गर्नु शिक्षित वर्गको लक्षण होइन। त्यसै गरी आफ्नो दोष-गल्ती नदेख्नु धेरै खराब प्रवृत्ति हो। हुनत समाजमा मानिसहरू आफ्नो टाउकोमा गोरु चढेको देख्न सक्दैनन् तर अर्काको टाउकोमा जुम्रा हिंडेको समेत देख्न सामर्थ्यवान हुन्छन्। शिक्षितपनाको अभावले गर्दा नै अर्काको दोष मात्र खोजी आलोचना र भए-नभएको लाञ्छना गरी हिंड्ने गर्दछन्। त्यसैले बुद्ध भन्नुहुन्छ-

अर्थात्, अर्काले के गऱ्यो, के गरेन त्यसमा ध्यान नदिई आफूले के गर्दैछु, पहिले के गरें भन्नेतर्फ ध्यान केन्द्रित गर्न सकेमा कलह शान्त हुन्छ।

यहाँ जसले जे भने पनि, जे-जस्तो गरे पनि वास्तै नगरी नतमस्तक रहनु भनेको होइन। आफ्ना छोरा-छोरीहरूद्वारा हुने गल्तीहरूलाई आमाबाबुले सुधारार्थ अर्ति र उपदेश दिनु, गल्ती पुन: नदोहोरियोस् भनी दण्ड दिनु न्यायोचित मात्र नभएर गरिनु पर्ने कर्तव्य पनि हो। त्यस्तै



Downloaded from http://dhamma.digital/

विद्यार्थी वर्गलाई अनुशासित तुल्याउन सक्नु तमाम शिक्षक वर्गको जिम्मेवारी हो । यसरी नै नातावादको बहाना नगरी नै आफ्नै हितैषी मित्रले गर्ने गल्तीहरूलाई पनि औंल्याउने गर्नुपर्छ ता कि साथी सप्रिन सकोस् । यसो गर्नु कुनै पनि मित्रको लागि हितचिन्तक सावित हुन्छ । तर भए-नभएको दोषारोपण गरी व्यक्तिगत चरित्रमा समेत आँच आउने तवरले आलोचना गर्नु उचित छैन । कसैको चरित्र हत्या गर्ने नियत राखी सच्चा आलोचकले आलोचना नै गर्दैन । अर्काको जीवनमा खेलवाड गर्ने, आँच आउने आलोचना गर्नु शिक्षितपना होइन, न कि यो कुनै सुधारक शिक्षा नै हुन सक्छ । विचारणीय कुरा त कुनै पनि आलोचना रचनात्मक हुनु जरूरी छ, न कि विध्वंसात्मक ।

अन्य धर्म-शास्त्रहरूमा र बुद्धको शिक्षामा यौटा ठूलो अन्तर देखिने कुरा हो– आत्मालोचना । जो कसैले आफ्नो आलोचना गर्ने बित्तिकै आफ्नो केही गल्ती खराबी छ कि भनी सोच विचार गरेपछि त्यो कमजोरीलाई भूल स्वीकार गर्नु नै आत्मालोचना हो । हामीले आफ्नो भूल गल्तीलाई मुक्त कण्ठदेखि स्वीकार गर्न सकेमा शान्ति स्थापना हुन्छ, कलह, आपसी मनमुटाव सेलाउने हुन्छ । कसैले आफ्नो गल्ती स्वीकार गरी क्षमायाचना गर्न पनि एक किसिमको औषधि जस्तै आदर्श शिक्षा हो । जो घमण्डी अहंकारी हुन्छ, जसमा आडम्बर रूपी विषले हलाहल भरिएको हुन्छ, त्यसले कहिल्यै, कतै पनि आफ्नो गल्ती स्वीकार गर्न तयार हुँदैन । त्यसका लागि स्पष्ट पार्न बुद्धकालीन घटना प्रस्तुत गर्नु धेरै प्रासंगिक देखिन्छ ।

बुद्धका प्रमुख शिष्यहरूमध्ये महाकाश्यप एक भिक्षु हो । वहाँका साथमा दुई जना शिष्य रहन्थे । जसमध्ये एक जनाले गर्नुपर्ने काम मनैदेखि ठीक ठीक समयमा कसैले नभन्दै गर्ने कर्तव्य-निष्ठावान थिए । अर्को चाहिं अल्छी, आफूले कुनै काम नगरिकनै अरूले गरेको कामको



Downloaded from http://dhamma.digital/

जस लिन सिपालु र चाप्लुसी प्रवृत्तिका थिए । त्यो ज्ञानी शिष्य भिक्षुले आफ्नो साथीलाई सुधार गर्न बारम्बार कुबानी हटाउन र क्रियाशील हुन आग्रह गर्दैरहे । तर उसले कानमा तेल हालेर बस्यो । सुध्रिनेतर्फ ध्यान नै दिएन । यसरी एकदिन ज्ञानी शिष्यले आफ्नो गुरु महाकाश्यप समक्ष साथीको दुर्गुण उदाङ्गो पारिदिए ।

अल्छी, अर्काले गरेको कार्यलाई पनि मैले गरेको भन्ने शिष्यलाई महाकाश्यप महास्थविरले आफूकहाँ बोलाउनु भई भन्नुभयो– "तिम्रो मनो प्रवृत्ति र कार्य गेरुवावस्त्रलाई अलिकति पनि सुहाउँदैन । आफू अल्छी भएर पनि अरूले गरेको कामलाई मैले गरेको हुँ भनी भन्ने बानी राम्रो होइन ।" आखिर लुच्चा खराब प्रवृत्तिको शिष्य न हो, गुरुको आदर्शपूर्ण नैतिक अनुशासनलाई सत्य हो भनी आत्मालोचना गर्दै गरेन, मै ठीक छु भनी बसिरह्यो । परिणामतः अमृतलाई पनि विषको रूपमा देख्ने त्यो शिष्यले अन्त्यमा कुटी नै जलाएर त्यहाँबाट भागेको भागेकै गरे ।

कुनै पनि बेला गुरु तथा हितैषीहरूले अर्ति उपदेश दिंदा आफ्नो भूल स्वीकार नगर्नाले, आत्मालोचना नगर्नाले अशान्ति पैदा हुन्छ, अप्रिय घटना घट्न जान्छ । भूललाई स्वीकारी क्षमायाचना गर्न सकेमा अप्रिय घटना घट्नै पाउँदैन भन्ने कुरा उपर्युक्त बुद्धकालीन घटनाले स्पष्ट हुन्छ ।

गौतम बुद्धले कुनै बेला एक ठाउँमा भन्नुभएको थियो– "विरोधी, आलोचकहरू नै नभएको भए शायद म बुद्ध नै हुँदैनथें होला ।" विरोध र आलोचनाको अभावमा मानिस स्वेच्छाचारी बन्न पुग्छ । मनोमानी गर्ने प्रवृत्ति बृद्धि हुन्छ । कुनै पनि काम कुराको विरोध वा आलोचना हुनु अति आवश्यक छ । आलोचना विध्वंसात्मक नभई रचनात्मक हुनु पनि जरुरी नै छ । यो प्रजातन्त्रको लक्षण हो । बुद्ध भन्नुहुन्छ– "विरोधीहरू हुनाले सदा झैं सतर्कताका साथ बस्न बाध्य भएँ, अनि मन बलियो हुँदै आयो र मनको वशमा पछि पछि लागें । मनलाई आफ्नो काबुमा राख्ने



Downloaded from http://dhamma.digital/

सामर्थ्य प्राप्त हुँदा नै मनको क्लेश क्षय गर्न सकें। ज्ञान लाभ भयो अनि बोध भएँ र संसारको यथार्थतत्व अवबोध गरी बुद्ध भएँ।"

एकदिन गौतम बुद्धले आफ्ना शिष्य भिक्षुहरू एकै ठाउँमा भेला गराई सोध्नुभयो- हे भिक्षुहरू, मेरो वचन र शरीरले कुनै यस्तो गल्ती भएको छ, जसरी तिमीहरूलाई अप्ठ्यारो स्थितिमा बस्न बाध्य तुल्याएको छ ? मेरो स्वचरित्रबारे तिमीहरूको केही गुनासो त छैन ?

प्रत्युत्तर दिनुहुँदै भगवान बुद्धका प्रमुख शिष्य अग्रमहाश्रावक सारिपुत्र महास्थविरले भन्नुभयो– "जतिबेला तपाईंले बुद्धगयामा पिपलको रूखमुनि ध्यान बसी बुद्धत्व लाभ गर्नुभयो, त्यसैबेला देखि नै तपाईंको मन, वचन र शरीर शंख जस्तै सफा देखिन्छ, शुद्ध र अति पवित्र छ। अतः हे सुगत ! तपाईंका चरित्रबाट किञ्चित मात्रामा पनि शंकाभाव छैन। आलोचनाबाट तपाई शून्य रहनुभएको छ।" यस्तो भनिए तापनि बुद्ध पनि निन्दाबाट बच्न सक्नुभएन । अनि उहाँले भन्नुभयो– "नत्थिलोके अनिन्दितो" अर्थात् यो संसारमा निन्दाबाट मुक्त हुनसक्ने कोही छैन। बुद्ध जस्ता महापुरुषले पनि आफ्नो केही गल्ती भएको छ कि भनी प्रश्न गर्नु - यो सानोतिनो शिक्षा होइन। आजको विश्वमा राष्ट्र-राष्ट्रबीच भइराखेको युद्ध, अशान्ति - मूलतः आत्मालोचनाको कमीले नै हो । अर्थात् आफ्नो दोष चाहिं ढाकछोप गर्नु तर अर्काको सानोतिनो गल्तीलाई पनि बारम्बार कोट्याई त्यसैलाई मुद्दा चलाउनु कहाँसम्म न्यायोचित छ।

गौतम बुद्धले भिक्षुहरूलाई १५ दिनको एकपटक (पूर्णिमा र औंसीमा) सबै उपोसथ गृहमा भेला गराई एक आपसमा आत्मालोचना गर्नुपर्छ भनी नियम-कानून बनाउनु भएको थियो। नियम भनेकै विनय हो । विनयको भाषामा आत्मालोचना भनेको आपत्ति देशना गर्नुलाई भनिन्छ । तर अपशोचको कुरा ! बिडम्बना त्यो विनय-नियम आज



Downloaded from http://dhamma.digital/

पुस्तकमै कालाक्षरको रूपमा सिद्धान्तमै सीमित भएर थोपारिएर रहेका छन् । व्यवहारमा बिलाइसक्यो । त्यसकारण निष्कर्षत: शान्तिप्रेमीहरू अर्काको आलोचना गर्नुभन्दा पहिले आफूमा पनि दुर्गुण, गल्ती र दोष छ कि छैन एकचोटी गहिरो मन दिई चिन्तन मनन गरी आत्मालोचना गर्न धेरै राम्रो कुरा हो । यसो गर्दा तत्काल प्रभावकारी परिणत हुनु धेरै हदसम्म सफल हुने पनि देखिन्छ । तसर्थ स्वत: आत्मालोचनाले सबैको भलो नै हुन्छ, चारैतिर शान्तिको उल्लासपूर्ण वातावरण नै श्रृजना हुन्छ । ■



Downloaded from http://dhamma.digital/

# ढोगी संस्कृति

मानिस सामाजिक प्राणी हो । त्यसैले गौतम बुद्धले परिवार त्याग गरेर पनि समाजलाई त्याग गर्नुभएन । जसरी कमलको फूल हिलो र पानीमा उम्रे पनि हिलो र पानीबाट अलग देखिन्छ त्यस्तै बुद्धलाई समाजको विकृतिले छुन सकेन । बुद्ध समय-समयमा भन्नुहुन्थ्यो– 'पभस्सरमिदं भिक्खवे चित्तं तंच खो आगन्तुकेही उपक्किलेसेही उपक्किलिट्ठं (अंगुत्तरनिकाय)' अर्थात् मानिस जन्मिदा पवित्र हृदय लिएर जन्मेको हुन्छ तर बाहिरी दूषित वातावरणले दूषित गरिदिन्छ । यसबाट के बुझिन्छ भने मानिसको जीवन भौतिकवादबाट अलग छैन । बुद्धको शिक्षा सिङ्गै आध्यात्मिकवाद पनि होइन । साधारण मानिस भौतिक वातावरणमा निर्भर हुन्छ । भौतिक परिस्थिति अनुसार मानिसको संस्कृति परिवर्तन हुन्छ ।

गौतम बुद्धले राजगृहमा सिगालपुत्र नामक युवकलाई उपदेश दिनुहुँदै भन्नुभयो- 'पारिवारिक जीवनमा बस्ने सबै मानिसहरूले परस्परमा आदर-सम्मानका साथ आफू-आफूले कर्तव्य पालन गर्नुपर्दछ । विश्वास पात्र बन्न सक्नुपर्छ । परस्पर इमान्दारिताका साथ कर्तव्य पालन गरेन भने नाता टाढिँदै जान्छ ।' त्यसैले बुद्धले भन्नुभए जस्तै परम ज्ञाती अर्थात् विश्वासी मान्छे नै असली ज्ञाती नाता हुन्छ ।

५० वर्ष पहिले म श्रीलंकामा पढ्थे । त्यहाँ एउटी गरीब आमा र छोरी थिए । गाई पालेर जीविका गर्थे । छोरीले गाईको नाउँमा चिट्ठा लिएकी रहिछन् । चिट्ठा खोल्दा गाईको नाउँमा चार लाख रुपैयाँ



Downloaded from http://dhamma.digital/

परेछ । त्यसपछि नाता-कुटुम्बहरू झुण्डका झुण्ड उनलाई भेट्न आए । ती केटीसँग विवाह गर्न युवकहरू पनि आए । कस्तो सँस्कृति यो ?

आजभोलि मान्छे कस्तो खालको हो भन्ने कसरी जान्ने ? बुद्धले भन्नुभएको छ– मान्छे चिन्ने तरिका अथवा साँचो चारवटा छन्– (१) धेरै वर्षको निकटताबाट कसैको चरित्र जान्न सकिन्छ । (२) उसको कुराकानी सुनेर उसको सोचाइ र नियत थाहा पाउन सकिन्छ । (३) छलफल गरेर उसको विवेक, बुद्धि कस्तो छ भन्ने थाहा पाउन सकिन्छ । (४) आपत परेको अवस्थामा चित्त कतिसम्म स्थिर र धैर्यशक्ति कतिसम्म बलियो छ भन्ने थाहा पाउन सकिन्छ । धेरै दिनसम्म परीक्षा लिएर मात्र मान्छे चिन्न सक्नुपर्छ । यसरी परीक्षा नगरीकन कोही पनि मानिसलाई देख्नासाथ विश्वास गर्नुहुन्न ।

पाटनको एकजना मानिसले आफ्नो विश्वासिलो साथीसँग चालीस हजार रुपियाँ तिरेर टेलिफोन किनेको रहेछ । विश्वासिलो साथी भएको नाताले उसले टेलिफोन नामसारी गरेन । एक-दुई वर्षपछि साथीले दर्खास्त दिएर फेरि आफ्नै घरमा टेलिफोन सारेर लग्यो । कसलाई विश्वास गर्ने ? कस्तो सँस्कृति आएको ? हुन त पालि साहित्य अध्ययन गर्दा बुद्धकालीन समाजमा पनि दाजु-भाई, स्वास्नी-लोग्ने, साथी-साथी बीचमा पनि ठग्ने काम हुने र विश्वासघात हुने गर्दथ्यो भन्ने थुप्रै प्रमाणहरू पाइन्छन् । त्यसैले होला, बुद्धले बारम्बार उपदेश दिंदा सबै विश्वासपात्र बन्नुपर्ने र परस्पर इमान्दारीतापूर्वक कर्तव्य गर्नुपर्ने, अर्काको चित्त दुख्ने काम नगर्ने, अर्काले नदिएको वस्तु नलिने, अरूलाई अप्ठ्यारो हुने गरी जीविका नगर्ने र अरूलाई बिगारीदिने नियतले झूठो कुरा नगर्ने आदि सदाचारको शिक्षा दिनुहुन्थ्यो । हामीले पनि बुद्धले भनेजस्तै यस्तो सँस्कृतिको विकास हुने कुरातिर ध्यान दिनुपर्ने तर यतातिर ध्यान नदिइकन पुरानो र कुहिएको परम्परागत वस्तुको रक्षा र संरक्षण गर्नेतिर हामीले ध्यान दिन थालेका छौं ।



Downloaded from http://dhamma.digital/

आजभोलि त कतिपय गृह त्यागी साधु, सन्यासी र भिक्षुहरू पनि विश्वासिलो देखिँदैनन् । ठूला-ठूला साधु-महात्माहरूले दरबार-दरबार सम्म ठग्ने काम गरेको चर्चा छ । देश-विदेश बौद्ध देशहरूमा पनि त्यस्तै घटना हुने समाचार आउँछन् । यसै सन्दर्भमा बौद्ध ग्रन्थमा उल्लेख भएको एउटा घटना प्रस्तुत गर्दछु:–

एकजना साधु तपस्वी गाउँ-गाउँमा घुम्दै थिए । एकजना श्रद्धालु उपासकले उहाँलाई देखेर श्रद्धा जागी एउटा कुटी बनाएर दान दिए । दिनका दिन उपासकले यथाशक्ति भिक्षा दान दिएर सेवा गर्न थाले । धर्मको उपदेश पनि सुनिरहे । त्यो साधु एकदम सादा जीवन बिताउने र अल्पेक्षी लोभ नभएको देखिए ।

एक-दुई वर्ष बित्यो । श्रद्धावान उपासकलाई पक्का विश्वास भयो– यो साधु साँच्चिकै त्यागी तपस्वी रहेछ । त्यो उपासकले आफूसँग भएको गहना र धनको पोको त्यो तपस्वी कहाँ राखे सुरक्षा होला भन्ने ठानी कुटीमा लग्यो । त्यो साधुले भन्यो– 'यस्तो अमूल्य वस्तु, सुन-गहना त्यागीहरूकहाँ राख्नुहुन्न ।' उपासकले– 'तपाई भएकाले नै यहाँ राख्न ल्याएको' भनी एउटा जमीनमुनि गाडेर गए ।

एकदिन साधुले भन्यो– 'गहनाको पोको यहाँ राखेर गएदेखि डरले गर्दा निन्द्रा लागेन । हामीले यस्तो पीर लिनु हुँदैन । म त गएँ है ।' उसले त त्यो सुनको गहनाको पोको लिइसकेको रहेछ । अलि परसम्म गएर फेरि ऊ फर्केर आयो । उपासक त खुशी भए– साधु देखेर । उनले त्यहीं बस्नुस् भनेर अनुरोध गरे ।

तपस्वीले भन्यो– 'यहाँ बस्नलाई आएको होइन । यस कुटीको एउटा पराल मेरो जटामा अड्केर आयो । नदिएको चिज केही पनि लिनु हुँदैन । त्यसैले यहाँ राख्न आएको पो त ।'



Downloaded from http://dhamma.digital/

त्यसपछि बोधिसत्व व्यापारी त्यहाँ आइपुग्यो । उपासकले त्यागी-तपस्वीबारे सबै कुरा सुनाइदियो । अनि बोधिसत्व व्यापारीले सोध्यो– 'तिमीले केही अमूल्य वस्तु तपस्वीकहाँ राख्नुभएको छ कि ?' उपासकले भन्यो– 'राखेको छु नि, सुनको गहना ।' त्यसो भए त्यो गहना तपस्वीले लगिसक्यो, गएर हेर' भनी बोधिसत्वले भन्यो । हेर्न जाँदा त साँच्चै नै गहना रहेनछ । बोधिसत्वले उपासकलाई भन्यो– 'तुरुन्तै गएर तपस्वीलाई समात, गहना पाउन सक्छौ ।' साँच्चै नै गहना तपस्वीको झोलामा फेलापर्‍यो र कुटेर पठाइदियो । मान्छेलाई कसरी विश्वास गर्ने ? तर यस्तो नठान्नुस् घरबाट त्यागेर आएका सबै साधु, भिक्षुहरू ठग रहेछ । नेवारीमा उखान छ 'सिमा छमा पाउँइवं जंगल छगुलिं पाउँ:' अर्थात् एउटा रूख अमिलो भएमा पूरै जंगल अमिलो छ भनेर ठान्नु मूर्खता हुनेछ । ■



Downloaded from http://dhamma.digital/

# चाडपर्व देश विकासको बाधा बन्नु हुँदैन

कुनै पनि धर्म र सामाजिक चाडपर्व देश विकास कार्य र देशको प्रगति कार्यको लागि टेवा पुऱ्याउने हेतुले मनाइएको हुनुपर्छ । मानिसहरूले भौतिक सम्पत्ति मात्र जम्मा गरी कुबेर बन्न छाडी धर्ममा लागेर केही मात्रामा त्याग भावना राख्न सकोस् र नाता कुटुम्बहरू एक आपसमा मिली मीठो खानाहरू समय समयमा बाँडचुँड गरी खाने बानी बसोस् भन्ने हेतुले पनि धर्म र चाडपर्व मनाउने प्रथा शुरू गरेको हुनुपर्छ । तर दुर्भाग्यवश मानिसहरूको अज्ञानताले गर्दा यस्तो राम्रो लक्षलाई बंग्याई संकुचित हृदयको कारणले धर्मलाई पनि परम्परागत र साम्प्रदायिक साधनको रूपमा बदल्न थालियो । फलस्वरूप उनीहरूले आध्यात्मिक उन्नतितर्फ ध्यान दिन सकेनन् । चाडपर्वहरूलाई पनि बाध्य रूपमा मनाउनै पर्ने भएकोले चाडपर्व भनेको नै समाजको प्रगति र विकास कार्यको बाधक बन्न पुग्यो ।

हालै अखबारमा पढेको थिएँ "आयो दशैं ढोल पिटेर, गयो दशैं ऋण बोकेर ।" फुलपातीको दिन बेलुकी रेडियो नेपालको कृषी कार्यक्रममा प्रशारित एउटा नाटक सुनेको थिएँ । गाउँमा एक परिवारका नाइके दशैं चाड मनाउनका लागि अर्थात् घर परिवारको कचकचलाई टार्नको लागि छिमेकी घरबाट रु. ५००/– सापटी मागेर ल्याएछ । बजारमा खसी किन्ने शाहस बोकी जाँदा एउटा खसीको मोल रु. १७००/– पर्ने थाहा पाएर खसीको मासुलाई त्यागी जिल्ल खाई बसेछ बिचरो ! (बजारमा खसी किन्नेहरूको संख्याभन्दा खसी



Downloaded from http://dhamma.digital/

बेच्नेहरूकै संख्या बढी देखिन्छ ।) जिल्ल खाई बसेको त्यस ब्यक्तिले आफ्नो आर्थिक शक्तिले खसी किन्न नभ्याएपछि खसी बजारबाट फर्की आफ्नो बच्चालाई चुँई चुँई आवाज निस्कने जुत्ता एक जोर भएपनि किनिदिने बिचार लिई जुत्ताको बजारमा पुगेछ । तर त्यहाँ पनि रु. ४०/- पर्ने जुत्ताको मोल रु. १२५/- पुगेको सुनेर उ त्यहाँ पनि जिल्लाराम हुन पुगेछ । महँगो बढेर आकाश छुन पुगेको र आफ्नो केही नलाग्ने देखेपछि एउटा चप्पल र आलु, भान्टा मात्र किनेर जसो तसो दशैं मनाउने बिचारले घर फर्केछ उ । अरे ! दशैं त दशा भएर पो निस्केछ !

मैले हेरेको त होइन एकजना साथीबाट सुनेको भरमा नेपाल टी.भी.बाट प्रशारित एउटा नाटकको बारेमा केही कुरा बताउन खोज्दैछु– एकजना पुरोहित बाहुन बाजेको ठगी र चमत्कारीपूर्ण चर्तिकलामा विश्वास गरेर धेरै जवान ब्यक्तिले दु:ख भोग्नु परेको रहेछ । अन्तमा सबैले आफू ठगिएको महसूस गरेपछि सबै मिलेर त्यस बाहुन बाजेलाई समातेर अदालतमा उभ्याइएछ । न्यायाधीशले बाहुन बाजेको पक्षमा नै यसरी फैसला गरेछ- दोष बाहुन बाजेको होइन, लोभ र अन्धविश्वासमा भुल्न पुगेको कारणले नै सबैले यस्तो दु:ख भोग्नु परेको हो । यसरी अन्धविश्वासमा किन भुलेको भन्दै उल्टो झपारेछ न्यायाधीशले ती मानिसहरूलाई । यस नाटकको मतलबले प्रष्ट्याउँछ, दशैं चाड मनाउनु पनि अन्धविश्वासकै कारणले गर्दा हो । यस्तो हिंसात्मक अन्ध परम्परालाई त्याग्नु पर्ने कुरालाई अप्रत्यक्ष रूपमा नेपाल टी.भी.ले प्रचार गरेको देखेर जनता अचम्म परेका छन् ।

विभिन्न दृष्टिकोणले हेरेर लाँदा यो दशैं चाड देश विकास र प्रगतिको लागि बाधक बन्न पुगेको छ । वर्ष भरिको कमाईलाई धेरै जसो नेपालीले दशैं चाड मनाई सखाप पार्न थाले । जागिरदारहरू दुई महिनाको तलब पेश्कि लिन्छन्, सिध्याउँछन् । त्यतिले पनि नपुगेर



Downloaded from http://dhamma.digital/

उनीहरू ऋण समेत लिने गर्छन् । फेरि चाड मनाउनको लागि बिदा मनाउँछन्, एक दुई हप्ता । स्कूलमा त झन् बढी बिदा । धेरै बिदामा भुल्नेहरूले कसरी देशको विकास गर्ने ? कसरी शिक्षाको विकास हुने ? बैंकले समेत चार/पाँच दिन बिदा मनाउने र सरकारी अखबारले समेत ४/५ दिन बिदा मनाउने यो कस्तो बिडम्बनाको चलन हो, त्यति मात्र कहाँ हो र, सडक सफा गर्नेहरूले पनि बिदा नै मनाइरहेको देखिन्छ। यदि देशमा राम्रो र सुचारू रूपले कार्य संचालन गर्ने हो भने बिदाका दिनमा पनि अतिरिक्त पारिश्रमिक दिएर काम गराउने प्रबन्ध मिलाउन सक्नु पर्दछ। विदेशमा त यस्तै प्रबन्ध गरेको देखिन्छ। हिन्दूस्तानमा पनि यस्तै प्रबन्ध मिलाई काम चलाइएको देखिन्छ। गोश्वारा हुलाक त कहिल्यै पनि बन्द हुँदैन । तर नेपालमा चाडपर्वमा भुल्न पाएपछि सबै बन्द । यस्तो अवस्था र व्यवस्थाले देश विकास कसरी हुन्छ ?

साँच्चै भन्ने हो भने दशैं त पूँजीपती, धनपती मन्त्री र सांसदहरूका लागि मात्र मोज उडाउने चाड भएको छ। किनभने दशैंमा उनीहरूलाई खर्च प्रशस्त प्राप्त हुने गर्छ । तर धनी वर्गका सँस्कृति प्रेमीहरूले यस्तो अप्रगतिशील चाडपर्वलाई नै बल पुऱ्याउँदै आएको देखिन्छ। यस्तो चाडपर्वले देशको विकास होइन, पतन नै मात्र गर्छ।

फेरि, अर्को गजबको कुरो के छ भने, दुर्गा भगवतीले अन्याय र अत्याचारप्रति विजय प्राप्त गरेको यस चाड रे। उहाँ सारा प्राणीका प्रति करूणानिधि माता रे। तर उही करूणाले भरेका माता भगवतीका अगाडि सैकडौं निर्दोष, अशरण राँगा, बोका, हाँसका बच्चाहरू समेतलाई बाँकी नराखी बलि दिने गर्छ। यसरी धर्मका नाममा हिंसा गर्ने कस्तो अन्याय र अन्धविश्वास हो यो ? मोटरको मेशीनमा समेत पशुहरूको हिंसा गर्दै बलिदिने कस्तो अज्ञानता हो यो ? यस्तो कार्यलाई हामीले त्याग्दै जानुपर्छ ।



Downloaded from http://dhamma.digital/

म इतिहासको विद्यार्थी त होइन । तर मैले सुने अनुसार दशैं मनाउने परम्परा श्री ५ पृथ्वीनारायण शाहको पालासम्म पनि थिएन । राणा शासनको पालादेखि यो प्रथा शुरू भएको भनिन्छ । यो दशैं चाड हिन्दूस्तानबाट भित्रिएको हो र हिन्दूस्तानको चाड हो यो । तर अहिले हिन्दूस्तानले समेत हामीकहाँ जस्तो हिंसा गर्ने परम्परालाई त्यागिसकेको देखिन्छ । कुनै कुनै एक दुई स्थानमा मात्र बलि दिने प्रथा सुनिन्छ ।

बुद्धको शिक्षामा हिंसा कार्यको कुनै सम्बन्ध छैन । बुद्ध धर्मावलम्बीहरूले दशैं मनाउनुमा एउटै मात्र अर्थ देखिन्छ, त्यो हो, सम्राट अशोकले कलिंग युद्धदेखि विरक्तिएर शस्त्र अस्त्र त्यागी बुद्ध शिक्षालाई अंगालेको सन्दर्भमा विजया दशमीलाई हिंसा माथि अहिंसाको विजयको रूपमा मनाइएको मात्र हो । तर हिन्दू परम्परामा हुर्केका बुद्ध धर्मावलम्बीहरूले पनि हिंसा गर्दै दशैं मनाउन थालेका देखिन्छ । हुन त मासु खाने व्यक्तिहरूको संख्या बौद्ध देशहरूमा ९९ प्रतिशत नै छन् । तैपनि उनीहरू आफैंले हिंसा त गर्दैनन् ।

रेडियोबाट हिन्दूहरूको एकमात्र चाड दशैं भनी प्रचार गरिएको सुने पोखरा र लुम्बिनी अंचलका धेरै जसो गुरूङ्ग, थारू र मगरहरूले दशैं मनाउन छाडेका छन् । उनीहरू भन्छन्– "हामी हिन्दू होइनौं ।" तर काठमाडौं निवासी धेरैजसो बौद्धहरूमा हिन्दू संस्कारको छाप परेकोले होला उनीहरू खुशीसाथ दशैं चाड मनाउँदै आइरहेका छन् । नेवार समुदायका धेरैजसोले त आफूले मात्र दशैं मनाउने होइन प्रेतहरूलाई समेत दशैं मनाउन दिन्छन् । किनभने उनीहरूले एक भाग भोज प्रेतलाई भनी आफ्नो घरको दैलो बाहिर भुँईमा राखिदिन्छन् । त्यसमा कमसेकम एक माना जति च्यूरा, मासु, तरकारीका परिकारहरू राखिएको हुन्छ । एउटा कुकुरले पेटभरी खाएर पनि उब्रेर खेर गएको हुन्छ, त्यो भाग ।



Downloaded from http://dhamma.digital/

अर्को एउटा गजबको कुरो यस्तो पनि सुनें मैले, रेडियो नेपालले श्री ५ वीरेन्द्र वीर बिक्रम शाहदेवको विजया दशमीको शुभ कामना, प्रधानमन्त्रीको शुभकामना र वरिष्ठ प्रजातन्त्र प्रेमी नेता गणेशमान सिंहको र प्रतिपक्षी नेता मनमोहनको शुभकामना सन्देश सुनाउने क्रममा एकजना कविको पनि शुभकामना सुनाइएको थियो । कविज्यूले कविताकै शैलीमा यसरी शुभकामना सुनाउनु भएको थियो– महंगीले आकाश छोएको छ, गरीब वर्गले दशैं मनाउन पाएको छैन, भ्रष्टाचार बढेको छ, र दुर्गा भगवती माताको कृपा समान नभएको र हिंसा कर्म बढेको छ आदि ।

यसरी उहाँ कविज्यूको आश बुझ्दा मैले थाहा पाएँ, शुभकामना सार्थक हुनका लागि त महंगी नियन्त्रण हुनु अनिवार्य छ । अर्को अर्थमा भन्ने हो भने दशैं चाड त नमनाए पनि केही आपत्ति छैन । किनभने दशैं चाडले त गरीब जनतालाई राहत होइन आहात पो पुऱ्याइरहेको छ । रेडियोले र टी.भी.ले प्रचार गर्ने गरेको नाटक र कविता पाठ आदिले पनि अप्रत्यक्ष रूपमा यही कुरालाई दर्शाएको देखिन्छ । "दशैं चाड आशिर्वाद होइन, अभिशाप हो" भनेर । ■



Downloaded from http://dhamma.digital/

# बौद्ध संस्कृति बारे केही कुरा

सँस्कृति विषय लिएर लेख्नु सजिलो काम होइन । विभिन्न थरिका विद्वानहरूको यस विषयमा विभिन्न थरिका विचार र परिभाषा छन्, तै पनि म आफ्नो ज्ञान अनुसार बुद्ध धर्मको आधारमा आफ्नो विचार व्यक्त गर्ने प्रयास गर्दछु ।

सर्वप्रथम 'संस्कृति' के चीजलाई भन्छन्, त्यसको जानकारीपछि बौद्ध संस्कृतितिर जानु जाती होला । संस्कृति भन्नाले साधारण रूपमा जातीय चालचलन, थितिरीति र विचारधारालाई लिइन्छ । कहिल्यै पनि परिवर्तन नहुने, सधैं एउटै रूप लिई स्थायी भइरहने धर्म समूहलाई संस्कृति भनिदैन । परिवर्तन हुने वस्तुलाई, मानवलाई दीनत्वबाट र दानत्वबाट उच्चस्थानमा लैजानुलाई नै संस्कृति भन्छन् । साधारण: संस्कृतिमा शिष्टाचार, सभ्यता, नाटच, संगीत, चित्रकला, शिल्पकला आदि हुन्छ । तर जनजीवन सम्बन्धी हुनुपर्छ । जनजीवनसित परिवर्तन हुनु उसको लक्षण हो । बुद्धकालमा नाच, गान आदिले जनजीवनलाई केही हित गरेन । त्यसैले बौद्ध संस्कृतिमा नाच, गानलाई त्यति स्थान दिइएको देखिएन ।

प्रत्येक मानिसले आ-आफ्नो संस्कृति रक्षा गर्नुको साथसाथै परिवर्तन र परिष्कृत गर्न पनि कर्तव्य सम्झनुपर्छ । संस्कृति रक्षा गर्नेहरूले यी विचार गर्नुपर्छ कि हाम्रो "संस्कृति" अरू देशको अगाडि राख्न सकिन्छ कि सकिंदैन । यो संस्कृति हाम्रो जीवनलाई अनुकूल छ कि छैन ? पहिलेदेखि फरक नभई आइरहेको हो कि परिवर्तन हुँदै आइरहेछ । यी कुराहरूतर्फ ध्यान नदिइकन केवल हाम्रो संस्कृति मात्र भनेर समय र



Downloaded from http://dhamma.digital/

परिस्थितिको कदर गरिएन भने त्यो ब्यक्ति र संस्कृति सभ्यलोकको हास्य-स्थल हुन जान्छ । किनकि 'संस्कृति' शब्दले नै स्पष्ट रूपमा स्वभावलाई ब्यक्त गरेको छ । यसको एउटा विचित्र शक्ति छ त्यो हो धेरै वर्षदेखि परिवर्तन हुँदै आए तापनि 'त्यही हो' कहलाउने संस्कृतिको अधिकार हो ।

आदिकालीन मानिसहरूतर्फ एकचोटि दृष्टि राखी हेऱ्यौं भने उनीहरूको संस्कृति जंगलमा बस्ने, काँचो मासु खाने, नाँगै ठाउँ-ठाउँमा घुम्ने थियो । सबै मिलेर काम गर्ने र साटेर खाने तथा मेरो तेरोको भावना थिएन । क्रमश: उनीहरूको विचार परिवर्तन हुँदै आयो । पहिले गरी आएको काम र मामलाई छोड्दै आए । मस्तिष्कलाई चुपचाप राखेनन् । फलस्वरूप लुगा लाउन थाले । जंगली जीवजन्तु तूफान र घाम-पानीबाट बच्न चारैतिर छाना राखी तथा पर्खाल बनाई घर बनाउन थाले । क्रमश: मानव विचार विकसित हुँदै आयो । तँ र म, तेरो र मेरोको साथै म ठूलो हुँ भन्ने भावना पनि बढ्दै आयो ।

हाम्रो नेपाली संस्कृतिमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा धेरै परिवर्तन आएको देखिन्छ । तर नेपाली संस्कृति भन्नु पहिले र अहिले त्यही नै हो अर्थात् नेपाली संस्कृति नै हो ।

१९९० सालको भुईचालोले नेपाली संस्कृतिमा धेरै परिवर्तन ल्याइदियो । कतिसम्म थितिरीति बदल्यो । २००७ साल पहिलेको नेपालको हालत के कस्तो थियो ? अब आएर वर्तमान नेपालको ढाँचा कस्तो छ ? तैपनि नेपाली संस्कृति नेपाली संस्कृति नै बनिरह्यो । किनकि नेपालीहरूको हृदय नेपाली नै भैरहन्छ ।

बुद्धको जन्म (भूमि) नेपालमा भएता पनि बुद्ध धर्मको जन्म भारतमा भयो । अब त्यो संस्कृति भारतमा छैन । बौद्ध संस्कृतिको बिउ पनि रहेन भन्नुमा अत्युक्ति हुँदैन होला । किनकि बुद्ध धर्ममा जाति भेद र अन्ध विश्वासलाई स्थान छैन । त्यो अवगुण दुर्गुण सबै भारतमा मौजूद छ । त्यही हावा नेपालमा पनि लागेको छ भन्नुपऱ्यो ।



Downloaded from http://dhamma.digital/

भगवान बुद्धको परिनिर्वाण (मृत्यु) भएको एकसय वर्षमा भिक्षुहरूको बीचमा भेद देखिन थाल्यो । दुईसय वर्षपछि त्यो भेद १८ प्रकारका शाखा प्रशाखामा विभाजित भयो । यसबखत बौद्ध संस्कृतिको रूपरेखा विभिन्न ठाउँमा फैलिसकेको थियो । फलस्वरूप आ-आफ्नो विशेषता देखाउनुको साथै बौद्ध अस्तित्वलाई बिर्सी अरूवादको सम्मिश्रण देखिन थाल्यो । यतिसम्म सम्मिश्रण हुन थाल्यो कि बुद्धद्वारा खण्डित वैदिक यज्ञ होम, मन्त्रादि पुरोहित विचार मनोवृत्तिले पुनः स्थान लिन शुरू गऱ्यो । जसको फलस्वरूप बौद्ध संस्कृतिको विशेषता नै लोप हुँदै गयो । (आज हामीकहाँ त्यही रूप देखा पर्न थालेको छ ।) यता यस्तो दशा छ, उता योनकहरूको आक्रमणले गर्दा बौद्ध संस्कृतिको केन्द्र ध्वस्त भई पुरातत्वको रूपमा परिणत भइसकेको छ ।

शाक्यमुनि बुद्धको परिनिर्वाणको दुईसय अठार वर्षपछि फेरि एकचोटि धर्म र संस्कृतिको प्रभाव र प्रसार फैलेको थियो । सम्राट अशोक बुद्ध धर्ममा दीक्षित भएकोले उहाँले प्रत्येक बौद्ध तीर्थस्थल भ्रमण गर्नुभयो । जहाँ जहाँ आफू गयो त्यहाँ त्यहाँ सम्राट अशोकको चिन्हको रूपमा शिलास्तम्भ स्थापना गर्नुभयो जसले गर्दा पुरानो बौद्ध संस्कृति फेला पऱ्यो ।

बौद्ध संस्कृतिमा सम्राट अशोकका देन धेरै छन् । बुद्ध धर्मलाई व्यवहारमा ल्याउनु भयो अर्थात् राजा नै प्रजाका रक्षक हुन् भनी जनहित काम गर्नु नै बुद्धको शिक्षा हो भन्ने तथ्य स्वीकार गरी बाटोको निर्माण, बाटोको दुईतिर रूख लगाउनु, अस्पताल निर्माण र सिंचाइको लागि नहर कुँवाको व्यवस्था तथा जनताको पीर मर्का पोख्नको निमित्त दरवारको ढोका खुल्ला गरिदिनुभयो ।

सम्राट अशोक वास्तवमा व्यवहारिक बौद्ध राजा हुनुहुन्थ्यो । उहाँले श्रीलंका, बर्मा, क्याम्बोडिया, थाइल्याण्ड आदि देशमा बौद्ध



Downloaded from http://dhamma.digital/

संस्कृतिको प्रचार आफ्नो राम्रो व्यवहारले गर्नुभयो । अन्तर्राष्ट्रिय जगतमा बौद्ध संस्कृतिको प्रचारको श्रेय सम्राट अशोकलाई नै छ ।

चीन, जापान र मंगोलिया देशमा पनि हामीकहाँ जस्तै पछि उत्पन्न भएको अर्थात् कनिष्क राजाको पालामा जन्मेको महासांघिक नामले प्रख्यात भएको (महायान) धर्मको प्रचार छ । आजको युगमा उपर्युक्त प्रकारले फैलिएको हरेक शाखा प्रशाखालाई महायान, वज्रयान नामले सम्बोधन गर्दछन् । चीन, जापान आदि बौद्ध देशमा र हाम्रो नेपालको महायान बौद्ध संस्कृतिमा धेरै फरक देखिन्छ । एउटै रूखको हाँगा भएर पनि हामीकहाँ मात्र अन्तर देखिएको छ, यो भएको वैदिक संस्कृतिको सम्मिश्रणले गर्दा हो ।

केही वर्ष अघि चीनमा जुन सांस्कृतिक क्रान्ति अभियान चलेको थियो त्यसले गर्दा सही 'संस्कृति' को झलक धेरै देखिन थाल्यो । संस्कृति संकुचित नभई व्यापक हुन थाल्यो । चीनले सार्वजनिक जनजीवनसित सम्बन्ध नहुनेलाई संस्कृति मान्दैन । सार्वजनिक जीवन नै साधारण जीवन बनाउनु र मानव हृदयमा व्यापक रूपमा परिवर्तन ल्याउनु नै सांस्कृतिक क्रान्तिको लक्ष्य हो जस्तो लाग्छ । बुद्धको विचार अनुसार निर्वाण सुख पाउनुको लागि लोभ, द्वेष, मोह, ईर्ष्या र डाहा आदि दुर्गुणलाई नाश गर्नुपर्छ ।

चीनको विचार अनुसार संस्कृति भनेको मनको अवस्था हो । व्यक्तिगत स्वार्थलाई संस्कृति मानिँदैन । चीनमा सांस्कृतिक क्रान्तिपछि चटक, भटक र विलासी जीवनलाई ठाउँ थिएन । अल्छी र निकम्मा जीवनलाई स्थान थिएन । अश्लील चरित्र भ्रष्ट हुने खालका नाच, गान र सिनेमा थिएनन् । तर आजको चीन कस्तो छ मलाई थाहा छैन ।

जे होस् संस्कृतिको रक्षा समयानुसार प्रगतिशीलतालाई अंगीकार गरी परिवर्तन हुन सकेको खण्डमा मान्य हुन सक्छ । ■



Downloaded from http://dhamma.digital/

# कस्तो मासु खान हुन्छ ?

अहिंसा शब्दको परिभाषा दिन सजिलो छैन । पूँजीवादी अमेरिकाको विश्व शान्तिको प्रचार र समाजवादी गणतन्त्र चीनको विश्व शान्ति प्रचारको बीचमा जति अन्तर भेटिन्छ, साम्प्रदायिक दृष्टिकोणको अहिंसा र गौतम बुद्धको अहिंसा सम्बन्धी दृष्टिकोणमा पनि त्यत्तिकै भिन्नता भेटिन्छ ।

साधारणतः मानिसहरूको मुखबाट गौतम बुद्धको अथवा बुद्ध धर्मको नाम लिनासाथ बुद्धको प्रर्यायवाचीको रूपमा "अहिंसा परमो धर्म" भन्ने वाक्यांश निस्कन्छ । तर मानिसमा यहाँनेर अलिकति भ्रम छ । यो वाक्यांश बुद्ध धर्मको नै होइन । यो त जैन धर्मको वाक्यांश हो ।

वास्तवमा गौतम बुद्धको दृष्टिकोणमा अहिंसाको अर्थ के हो ? यसको ज्ञान धेरै कम व्यक्तिलाई मात्र छ । अतः तपाईंहरू समक्ष अहिंसाको बारेमा गौतम बुद्धको विचार के हो मैले बुझे अनुसार संक्षेपमा प्रस्तुत गर्दछु ।

गौतम बुद्धले जुन शिक्षा (धर्म) विश्वमा प्रचार गर्नुभएको थियो, त्यो मानव धर्म हो । बुद्धको धर्म बहुजन हितको निमित्त हो । बुद्धले "सर्वजन हिताय" भन्नुभएको भए अपराधी र देश द्रोहीहरूलाई पनि प्राणदण्ड दिन मिल्दैनथ्यो । हुनत सिद्धान्ततः कुनै पनि बुद्धमार्गीले कुनै प्रकारको प्राणी हिंसा गर्न सक्छ भन्न सकिंदैन । बौद्ध सिद्धान्त अनुसार जीव हिंसा गर्नु हुँदैन, तर मासु खानमा भने कुनै रोकटोक छैन । चिनीयाँ, भियतनामी भिक्षुहरू बाहेक अरू सबै बौद्धहरू मासु खानुलाई हिंसा मान्दैनन् । संस्कृत लंकावतार सूत्रअनुसार, मासु खानु हिंसा हो । तर पाली आमगन्ध सूत्रअनुसार मासु खानु कुनै हिंसा होइन ।



Downloaded from http://dhamma.digital/

गौतम बुद्धको विचार अनुसार, तीन प्रकारको दोषले मुक्त मासु खानुमा आपत्ति छैन अर्थात् पाप लाग्दैन (क) आदिट्ठ (ख) असुत (ग) असंकित ।

"अदिट्ठ"को अर्थ हो– आफ्नो लागि भनी प्राणी मारेको, नदेखेको "असत"को अर्थ हो– आफ्नै निमित्त भनी मारेको, मारिएको खबर आफूले नसुनेको । "असंकित"को अर्थ हो– आफ्नै निमित्त मारेको हो भन्ने शंका नउठेको । यसैलाई त्रिकोटी परिशुद्ध मासु भनिन्छ । यस प्रकारको मासु तत्कालीन र अहिले पनि सुलभ छ ।

भिक्षा माग्न जाने र अर्काले दिएको खाई जीविका चलाउने भिक्षुलाई अर्काको घरमा के पकाएको छ, के पकाएको छैन केही थाहा हुँदैन । मासु त पकाएको हो तापनि भिक्षुको लागि नै प्राणी मारेर पकाएको हो भन्ने थाहा हुँदैन, शंका पनि हुँदैन । त्यसैले संसारमा बसिरहने सबै बौद्धहरू मांसहारी हुन् । थेरवादी बौद्धहरू श्रीलंका, म्यानमार (बर्मी), थाइल्याण्ड, क्याम्बोडिया र लाओस आदि देशमा शतप्रतिशत बौद्ध भिक्षुहरू मांसभक्षी हुन् । तर हामीकहाँ जस्तो आफैंले आफ्नो घरमै मारेर खाने गर्दैनन् । चिनियाँ भिक्षुहरू र भियतनामी भिक्षुहरू बाहेक अरू सबै महायानी देशको भिक्षु लामाहरू मांसहारी हुन् ।

हिंसा गर्नु हुँदैन, मासु खान हुन्छ, यो कुरो नेपाली बौद्ध तथा हिन्दू र जैनहरूले बुझ्न सजिलो छैन । चिनियाँ भिक्षुहरूले पनि बुझेका छैनन् । उनीहरूको नियममा मासु खान हुँदैन भनी लेखिएको छ । हुनत ल्हासा र लद्दाख तथा मंगोलियाका लामाहरू सहित दलाई लामा पनि मांसभक्षी हुन् ।

बुद्धको शिक्षा अनुसार, जबसम्म कुनै जीवनलाई मानिसले जानाजानी मार्दैन, तबसम्म उसलाई पाप लाग्दैन । उदाहरणको लागि जैन धर्मअनुसार, यदि हामी हिंड्दा खुट्टाले कुल्चेर कुनै प्राणी मऱ्यो भने पाप



Downloaded from http://dhamma.digital/

लाग्छ। बुद्धको विचार अनुसार, त्यसप्रकारको जीव हिंसालाई हिंसा मान्न सकिन्न किनकि हामीहरूले सोचेको पनि हुँदैनौं कि जीव हिंसा गरौं या हामीबाट जीव हिंसा होला। जीव हिंसा त आकस्मिक कुरा हो।

गौतम बुद्धको विचार अनुसार, तीन प्रकारका हिंसाहरू छन्– शारीरिक, वाचिक र मानसिक। शरीरद्वारा आघात गरेर हिंसा हुन्छ। वचनद्वारा हिंसा हुन्छ। जस्तो कि अर्काको मनमा आघात पुग्छ, त्यस्तो प्रकारको आघातलाई पनि बौद्ध मतानुसार हिंसामा गनिन्छ।

मनद्वारा पनि हिंसा हुन्छ, जस्तो कि दुई जना धेरै मिल्नेहरूमा फूट पैदा गर्न अरूलाई हानी पुऱ्याउने विचार गर्नु तथा अर्काको जीवनमा कलंक लगाउनु आदि योजना बनाउनु पनि हिंसा नै हो।

बुद्धको मतानुसार, शोषण गर्नु र अर्कालाई धोखा दिनु, ठग्नु, दूधमा पानी मिसाउनु, नूनमा बालुवा मिसाउनु, चिनीमा पानी हाल्नु, पेट्रोलमा मट्टितेल मिसाउनु आदि जति प्रकारको ब्यापारमा भ्रष्टाचार छन्, ती सबै हिंसामा नै गनिन्छ।

मनुष्यघात जस्तो ठूलो पाप अरू छैन। कुनै भिक्षुले मनुष्यघात गऱ्यो भने त्यो सदाको लागि भिक्षुत्वबाट बञ्चित हुन्छ। उसलाई पाराजिक भनिन्छ। तर अरू पशुपंछी माऱ्यो भने आपत्ति पाचित्तीय आदि दोष मात्र हुन्छ। मनुष्यघातको पाप ठूलो हुन्छ। प्राणी हिंसाको दोष सानु हुन्छ। बुद्धले भन्नुभएको छ कि मान्छे र पशुमा तुलना गरेर निर्णय गर, ती दुईवटामा ज्यादै मूल्यवान कुन हो ? अरू जनावरकै बीचमा पनि तुलना गर, गाई र कुकुर तथा माहुरी र झिंगा तथा लामखुट्टे। यिनीहरूमा तुलनात्मक विचार गऱ्यो भने क्रमशः मूल्य घट्दै आएको स्पष्ट हुन्छ। बुद्धले भन्नुभएको थियो– मान्छे मार्नलाई जति सोच्नुपर्छ, त्यति जनावर मार्नलाई सोच्नु र डरमान्नु पर्दैन। झिंगा मार्नलाई केही पनि प्रयत्न गर्नु पर्दैन र डर पनि छैन।

मान्छेप्रति मानिसहरूको भावना कस्तो हुन्छ। यो सबैले सोच्ने कुरो हो। उहाँले भन्नुभएको थियो– मान्छेको टाउको र रांगाको टाउको



Downloaded from http://dhamma.digital/

लिएर बिक्री गर्न जाऊँ। मान्छेको टाउको कसैले पनि लिने छैन। उल्टो तिमीलाई ज्यानमारा भनेर गाली र घृणा गर्ने छन्। त्यस्तालाई समाजमा ठाउँ रहँदैन, तर रांगाको टाउको बिक्री गर्ने मान्छेले समाजमा ठाउँ पाउँछ। झिंगा र लामखुट्टे मार्नेलाई कसैले घृणा गर्दैनन् किनकि लामखुट्टे र झिंगा मानव समाजको लागि काम लाग्दैन। उल्टो यी दुवै मानवका परमशत्रु हुन्। बुद्धले यहाँसम्म भन्नुभएको छ कि–

**यो च वस्स सतं जीवे दुस्सीलो असमाहितो,**
**एकाहं जीवितं सेय्यो सीलवन्तस्स झायिनो।**

अर्थात् दुश्शील र दुराचार भएर एकसय वर्ष बाँच्नुभन्दा सदाचार र भलादभी बनेर एकदिन बाँच्नु नै श्रेष्ठ छ। यसको मतलब यो भयो कि भ्रष्टाचारी र शोषक भएर मान्छे समाजमा बस्न र बाँच्न लायक हुँदैन।

जीव हिंसाको बारेमा केही वैज्ञानिकहरूको र गौतम बुद्धको विचार अलि फरक देखिन्छ। केही वैज्ञानिकहरूले भनेका छन्– आजको युगमा सबै बुद्धमार्गीहरू चाहे ती मांसहारी होस् चाहे शाकाहारी होस्। सबै हिंसा गर्नेमा गनिन्छन्। घाँस र रूखमा पनि जीव छ, त्यसैले शाकाहारी पनि हिंसाबाट मुक्त छैन।

गौतम बुद्ध रूख, पात आदिमा जीवन छ भन्ने मान्नुहुन्न, किनकि रूख र घाँसमा चेतना छैन। मानिस र जनावरमा चेतना छ। उसमा डर र भय छ, दुःखको अनुभव हुन्छ। तर, रूखपात आदिमा त्यसप्रकारको चेतना हुँदैन। बुद्ध नदेखिने चीज र टाढाको विषयमा सोच्ने कुराको विरोधी हुनुहुन्छ। उहाँको विचार अनुसार, औषधि खाएर कीरा मार्छ, संसार कसले निर्माण गऱ्यो आदि विषयमा सोच्न थाल्यो भने मानिस पागल हुन्छ। आफ्नो दैनिक जीवनको समस्याबारे सोच्ने धेरै कुरा छन्। सबै चीजमा ठीक परिमाणमा सोच्नुपर्छ। बुद्धधर्मले मानव जीवनको प्रगतिलाई रोक्दैन। यो धर्म बहुजन हितायको लागि हो र यो जनजीवनको उन्नति पथ-प्रदर्शनतर्फ पनि अग्रसर छ। ■



Downloaded from http://dhamma.digital/

# अबौद्ध संस्कृति र बौद्ध संस्कृति

एकदिन गौतम बुद्धले भिक्षुहरूलाई संगठित गरी भन्नुभयो - भिक्षुहरू, अबौद्धहरूमा तीन प्रकारका विश्वास र वाद छन् । ती तीन वादको व्याख्या गर्दै उहाँले भन्नुभयो-

(१) एकथरी श्रमण ब्राह्मणहरूको वादले - मानिसले जुनसुकै सुख, दुःख अनुभव गर्दछ, त्यो सबै पूर्वजन्मको फल हो भन्ने कुरामा विश्वास गर्दछ ।

(२) दोस्रो वाद हो - मानिसले जुनसुकै सुख दुःखको भोग गर्छ, त्यो सबै ईश्वरको लीला र कृपाले हो । अरु कुनै कारणले होइन ।

(३) तेस्रो विश्वासले भन्छ - उद्देश्य र कारण विना नै मानिसले स्वतः सुख दुःख भोग गर्छ ।

गौतम बुद्धले प्रथम वादका अनुयायीहरूलाई भन्नुभयो- सबै प्रकारका सुख दुःखको अनुभव पूर्वजन्मको फलस्वरूप हुन्छ भन्ने विश्वासीहरूसित मैले सोधेको थिएँ र ऊ साँच्चै नै पूर्वजन्मको कर्मको फलस्वरूप नै सबै घटना हुने हो भने व्यभिचार, हिंसा, चोरी, झूठो बोल्नु, ईर्ष्यागर्नु, चुक्लिखोर बन्नु, झगडालु हुनु, लोभी र कंजुस हुनु, मिथ्यादृष्टि राख्नु पनि पूर्वजन्मको कर्मको फल अनुसार नै हुनुपर्छ ।

बुद्धको यो भनाइको तिनीहरूले कुनै जवाफ दिन सकेनन् । त्यसपछि उहाँले भन्नुभयो- पहिलेको जन्ममा गरेको कर्मवादी सिद्धान्त ठीक छैन, त्यो निन्दनीय छ, प्रशंसनीय छैन ।

मानिसले जे जस्तो सुख, दुःख अनुभव गर्छ, त्यो सबै ईश्वरको लीला हो भन्ने हो भने सारा अत्याचारको जिम्मा पनि ईश्वरले नै



Downloaded from http://dhamma.digital/

लिनुपर्छ । राम्रा कुरा जति सबै ईश्वरको महिमा हो भनेर सत उपदेश दिने धर्मप्रचार गर्ने काम व्यर्थ छ । यो कुरा सुनेपछि तेस्रो वादका अनुयायीहरू पनि नाजवाफ भए । त्यसैले ईश्वरवाद पनि निन्दनीय छ । व्यर्थ छ र निरर्थक पनि छ ।

अर्कोवाद छ अहेतुक वाद । उनीहरूलाई बुद्धले भन्नुभएको छ - मानिसले सबै प्रकारका पापाचार उद्देश्य र कारण विना नै हो भने सदाचार र नैतिकताको शिक्षा दिनु पनि व्यर्थ छ । अतः यो वाद पनि निन्दनीय छ ।

यी तीन कर्मफलको कुरालाई बुद्धले मान्यता दिनुभएको छैन । गौतम बुद्ध भन्नुहुन्छ यदि सबै पूर्वजन्मको फल हो भने, ईश्वरको कृपा अनुसार सबथोक हुने हो भने कसैले कुटे पनि, चोरेर लगे पनि चूप लागी बस । उसलाई दण्ड नदेऊ । चोटपटक लागे पनि, पेट दुखे पनि, जस्तोसुकै रोग भए पनि औषधी नगर्नु । कोही खराब मानिसहरूलाई असल बन, बानी सुधार, अरुलाई दुःख नदेऊ आदि अर्ति उपदेश र सुभाव नदेऊ, शिक्षा नदेऊ, चूप लागी बस किनभने सबै पूर्वजन्मको फल हो, ईश्वरको कृपा हो । खान नपाए पनि चूप लाग । त्यसलाई पुनर्जन्मकै कर्मफल भनी मनमा राख । (अंगुत्तर निकाय)

बुद्धले भन्दै जानुभयो - यी तीनवटै मिथ्यादृष्टि गलत धारणा हुन् । अन्धविश्वास हुन् । उहाँले फेरि भन्नुभयो - चोर हुनुको कारण जीविकाको उचित व्यवस्था नमिल्नाले हो र गरीब हुनुको परिणाम हो । शरीरमा सञ्चो नहुनुको कारण खाना नमिल्नु, धेरै खानु, गर्मी हुनु, ऋतु (मौसम) बदलिनु लामखुट्टेले टोक्नु, कीरा फट्यांग्राले टोक्नु, जाडो लाग्नु, पीर र चिन्ता नै हो । पित्त प्रकोप भएर, धेरै हावामा बस्दा पनि बिरामी हुन्छ । पानीले रुझ्दा पनि दुःख हुन्छ । काम गर्ने ढंग र तरिका भएन भने पनि दुःख हुन्छ । पूर्व कर्मलाई मात्र दोष दिएर निराश हुनु हुँदैन ।



Downloaded from http://dhamma.digital/

फेरि, अर्को एक ठाउँमा भगवान बुद्धले भन्नुभएको छ - कर्ममा छैन भनेर हात बाँधी अल्छी भएर बसिरह्यो भने भएको कर्म (भाग्य) पनि गुमेर भन् भन् अभागी र दु:खी हुन्छ। मेहनत गऱ्यो भने नभएको भाग्य पनि बनेर आउँछ। दु:ख हराएर जान्छ।

वंशाणुगत रुपले आमाबाबुले गरेको कामको प्रतिफल छोराछोरीलाई पनि पर्न जान्छ। बाबु चाहिं असल भए छोरालाई पनि पत्यार गरिन्छ। जस्तै :- गंगालालको छोरालाई सरकारले महिना महिनामा पैसा दिएर संरक्षण दिइरहेका छन् भन्ने सुनें।

५० वर्ष अघिको कुरा हो - एउटा घरमा एउटी आइमाईको चरित्र नराम्रो थियो, त्यसकारण त्यस घरका छोरीहरूलाई कसैले पत्यार गरेनन् र उनीहरूको बिहे पनि भएन। भारतमा मोतिलाल नेहरूका छोरा जवाहरलाल नेहरु देशको स्वतन्त्रता आन्दोलनमा अग्रणी थिए। नेहरू प्रधानमन्त्री बने। त्यही प्रभावले इन्दिरा गान्धी प्रधानमन्त्री भइन्। त्यसपछि राजनैतिक अनुभव नभए पनि राजीव गान्धी प्रधानमन्त्री भए। यो पनि कर्मको फल नै हो कि ? यी घटनाले देखिन्छ वंशाणुगत रुपले फल दिइरह्यो। नेहरुको प्रभाव उसको नाति-नातिनाहरूमा समेत पऱ्यो। श्रीलंकामा बण्डारनायकको प्रभावले उनकी छोरी चन्द्रिका राष्ट्रपति पदमा पुगिन्। यो राजनीतिको कुरो होइन, धर्मनीतिको कुरो हो।

(१) **कर्मको प्रकृति नियम** : मानिस जन्मने प्रकृति नियम :-

१. आमा बाबुको संभोग हुनुपर्छ

२. आमा ऋतुमती हुनुपर्छ

३. बाबुको शुक्रश्रोणित यथास्थानमा पर्नुपर्छ

(१) कर्म बीउ जस्तै कुरा हो। आमाको श्रोणित जमीन भयो। बाबुको शुक्रबीज पानी। यी तीन वटाले र कर्मबीजले प्रतिसन्धि भई बच्चाले जन्म लिन्छ।



Downloaded from http://dhamma.digital/

**(२) अर्को प्रकृति नियम :** (१) बीउले रुख उम्रन्छ । त्यस्तै मानिसको बीउले मानिस जन्मन्छ । (२) ऋतु नियम - मौसम अनुसार रुखमा पात उम्रन्छ ।

**(३) कर्म नियम :** असल र खराब काम अनुसार मानिसको गति बदलेर जान्छ ।

**(४) धर्म (प्रकृति) नियम :** पानीको स्वभाव चिसो, आगोको स्वभाव तातो, हावाको प्रकृति नियम घचाड्ने वा चल्ने । पृथ्वीको स्वभाव गर्न्हौं हुने । चतुर्महाभूतको धर्म (स्वभाव) हो - बतास चल्ने, आगो लाग्ने । कसैको आज्ञाअनुसार प्रकृति नियम हुँदैन, आ-आफ्नो स्वभावले नै हुन्छ ।

चित्त नियम - मेशिनको चित्त छैन । रुखसँग पनि चित्त छैन । मानिससँग चित्त र चेतना शक्ति छ । चित्त भएकोले चिन्तन शक्ति भएको हो । पुतली बनाउनेले चिन्तन शक्ति र चित्त बनाइदिन सक्दैन । बीउ रोप्न जमीन चाहिन्छ । पानी चाहिन्छ, त्यसमा बिरुवा लाग्छ ।

मानिस मर्ने के भएर ? तीन चीज नभएपछि मानिस मर्छन् (१) जीवितीन्द्रय भन्ने आयु, (२) तेजो धातु (तातोपन) (३) चित्त भंग हुने विज्ञानको (चेतनाको) अभाव । ■

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

# बौद्ध संस्कृति र सहनशीलता

आजभोलि प्रज्ञा अनुसार सहेर बसे पनि विरोधीहरूको मन बदलिँदैन । सहेर बस्यो भने उनीहरु झन झन दवाउन र शोषण गर्न खोज्दछन् । त्यो बेला र अहिलेमा धेरै फरक छ । अहिलेकाले प्रज्ञालाई प्रयोग गरी कुरा बुझ्ने कोशिस गर्दैनन् । शायद अहिलेकाहरूको दिमागमा प्रज्ञा बुद्धि नभएर हो कि ! मन शुद्ध नभएर हो कि ! हुन त बौद्ध जातक कथामा जहिले पनि सहेर मात्र बस्नुपर्छ भनिएको छैन । जस्तो मान्छे हो त्यस्तै व्यवहार गर्नुपर्छ भन्ने कुरा त्यो बेलाको समाजमा पनि थियो । यो कुरा बुझाउन एउटा जातक कथा प्रस्तुत् गर्दछु ।

दुईजना साथीहरू थिए । एउटा पण्डित अर्को अतिपण्डित । पण्डित चाहिं बोधिसत्व थिए । अतिपण्डित चाहिं बोधिचित्त (न्याय) नभएको स्वार्थी थिए । तैपनि दुईजना मिल्ने साथीहरू भएर आधि आधि पैसा लगाई साझा व्यापार गर्न गए । व्यापार गरी धेरै पैसा कमाएर ल्याए । दुवैजना घरतिर फर्के । बीच बाटोमा पुगेपछि अतिपण्डितले पण्डित साथीलाई भन्यो- "साथी ! हाम्रो टोलका मानिसहरू असल छैनन् । हाम्रा आफन्तहरू पनि राम्रा छैनन् । त्यसैले यो पैसा यहीं जंगलको एक ठाउँमा गाडेर राखौं । खाँचो परेको बेलामा चाहिए जति मात्र लिन आउला नि, हुन्न र ?"

बोधिसत्व सोझा थिए । छक्कापञ्जा केही नजान्ने हुँदा साथीको कुरालाई ठीक हो भनेर माने । दुवैजना विना पैसा त्यसै जमीनमा गाडेर घर गए । एक दिन अतिपण्डित (ठग)ले आफू एक्लै जंगलमा गई गाडेर



Downloaded from http://dhamma.digital/

राखेको पैसा जम्मै उडायो। उसले आफ्नो बाबुचाहिंलाई के कुरा सिकायो भने फलाना दिनमा हामी दुवै साथीहरू जंगलमा पैसा लिन जानेछौं। त्यहाँ पैसा नभेटिएपछि मैले पण्डित साथीलाई चोरेको दोष लगाउँछु। तपाई खोक्रो रुखभित्र पसी नक्कली देउता बनिरहनुस् त्यहाँ हामी दुईको झगडा हुन्छ। हामी दुवै त्यही खोक्रो रुमखुनि आएर हामी दुईमध्येमा कसले पैसा चोरेर लग्यो भनी सोध्न आउँदा तपाईले पण्डितले नै चोरेको हो भनिदिनुस्। अनि सबै पैसा हाम्रो हुनेछ।

अतिपण्डित बोधिसत्व पण्डित साथीकहाँ गई भन्न थाल्यो - "साथी! खर्च गर्नलाई पैसा भएन। जाऔं लुकाएको पैसा लिएर आऊँ। दुवैजना जंगलतर्फ गए। गाडेको ठाउँको माटो खने, त्यहाँ पैसा थिएन। अतिपण्डितले भन्यो- "हे पण्डित! तिमीत ठग रहेछौं। यसो हेर्दा त सोझो जस्तो देखिन्छौं। तिमीले मलाई थाहै नदिई पैसा लिएर गयौं, होइन त?

पण्डितले भने - "तिमी नचाहिने कुरा गर्छौं।" यसरी दुवैको बीच झगडा भयो।

अतिपण्डितले भने - "हामी दुइले यहाँ बसी झगडा गरिरहेर के गर्ने। साक्षी बक्ने कोही छैन। त्यो रुखमा देवता छ भन्छन्। उसकहाँ नालिस हाल्न जाऊँ। त्यसले हामी दुईमध्ये कसले पैसा लियो भन्छ, त्यही कुरालाई हामी मञ्जुर गरौं, हुन्न?"

बोधिसत्व (बुद्धाङ्कुर) पण्डितले हुन्छ भने। दुवै गएर झगडाको कुरा रुखलाई सुनाए। अतिपण्डितले हात जोडी प्रार्थना गऱ्यो - "हे वृक्षदेवता, हामी दुइमा को चोर हो? बतादिनुहोस्।"

अतिपण्डितका बाबुले स्वर फरक गरी भन्यो "पण्डित नै चोर हो।"

यो निर्णय सुन्नेबित्तिकै पण्डितले विचार गऱ्यो - "अन्यायपूर्वक फैसला गरिदिने पक्कै पनि सक्कली देवता हुन सक्दैन। देवता हो, होइन



Downloaded from http://dhamma.digital/

परीक्षा गरेर हेर्नुपर्‍यो ।" भनी उनले यताउतिबाट घाँस, पराल र दाउरा बटुलेर त्यो रुखको चारैतिर आगो लगाइदिए । आगो दन्कन थाल्यो । अनि रुखको बाबु आफ्नो ज्यान बचाउन रुखबाट निस्केर भन्यो - "अतिपण्डित नै चोर हो, त्यो मेरो मूर्ख छोरोले गर्दा म झण्डै मर्न लागेको, पण्डित चोर होइन ।" त्यसपछि बाबुछोरा दुवै भाग्न लागेको बेला बोधिसत्वले अतिपण्डितलाई समातेर घरमा लगे र पैसा आधि - आधि बाँडेर लिए ।

यहाँ बोधिसत्वसँग व्यवहारिक प्रज्ञा भएकोले आफ्नो भाग पैसा लिन पाए । पण्डितले "त्यस्तो बेइमानसँग के कराइराख्ने, के झगडा गर्ने" भनेनन् । व्यवहारिक किसिमले यहाँ बोधिसत्वले अन्याय गर्ने देवता सक्कली हुन सक्दैन भनी आगो बालिदिएको ठीक थियो । र साझा व्यापार गरी लाभ भएको पैसा आधि आधि बाँडि लिनु न्याय र धर्म हो । धाँधली गर्नेप्रतिको बोधिसत्वको व्यवहार उचित र व्यवहारिक छ । त्यति नगरेको भए बेइमानहरू झन झन बढ्दै आउँथे । धर्म र न्याय लुप्त हुन्थ्यो । त्यसैले पण्डित बोधिसत्वको जस्तो ज्ञान उपयुक्त छ । ■

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

# अम्मल सेवन नगर्नू

यो पंचशीलमध्ये अन्तिम शिक्षाप्रद शील हो। यो सबैभन्दा विषालु सर्प जस्तै डरलाग्दो छ। मेरो व्यक्तिगत विचारमा कुनै पनि अम्मल हितकर छैन। त्यसमा पनि रक्सी र जाँड एकदम त्यागयछ भन्नु अत्युक्ति हुँदैन। यो सबै शिक्षित विद्वान वर्गले भनिरहेको कुरा हो कि रक्सीपानले गर्दा हाम्रो स्नायुमण्डललाई विकृत बनाइदिन्छ। जसले गर्दा समाजमा अशिक्षित वर्गले कहिले पनि उन्नति र समृद्धिको बाटो पहिल्याउन नसकेको हो। भरसक अम्मल भन्ने चीज सेवनबाट मुक्त हुनुपर्छ। श्रमजीवी मजदूर र किसानवर्गको उन्नति हुन नसकेको एउटा मुख्य कारण हो- मद्यपान सेवन। दिनभरी परिश्रम गरेर कमाएको पैसा सर्वोच्चानन्दको पानमा उडाएपछि मगज प्रायः निष्क्रिय हुन्छ। एक त मजदूर वर्गले पर्याप्त मात्रामा ज्याला पाउँदैनन् अर्कातिर यो दशा। मानवलाई दानव बनाइदिने शक्ति रक्सीमा लुकेको छ।

अमेरिका, बेलायत र युरोपीय देशहरूमा दुर्घटनाबाट अकाल मृत्यु हुनेहरूको संख्या सर्वाधिक किन भएको भन्दा यही सर्वध्वस्त आनन्दपानले गर्दा नै हो। यो सर्वध्वस्तानन्द पानको अम्मलमा डुबिसकेपछि मगजमा विकृति पैदा हुन्छ। अनि अरू चारै शिक्षाप्रदलाई पनि ध्वस्त पारिदिन्छ। बहुला बनिसकेपछि के पाप कर्म नगर्ला ? हिंसा, चोरी, व्यभिचार र झूठो बोल्नु आदि सबै गरिहाल्छ। किनकी रक्सी सेवनको असर परिसकेपछि उसमा मानवता भन्ने कुरा रहँदैन। अतः पंचशीलमा सबैभन्दा ठूलो र भयानक कुरा मादक पदार्थ सेवन गर्नु नै हो।



Downloaded from http://dhamma.digital/

रक्सीले के हानी हुन्छ भन्ने कुरा बुझ्नको लागि उदाहरणार्थ एउटा कथा प्रस्तुत गर्दछु-

एकजना मानिस जो पंचशीलमा अगाध श्रद्धा र आस्था राख्दथ्यो। उसले प्रतिज्ञा गरेको थियो कि कुनै हालमा पनि पंचशीलको उल्लंघन गर्दिन। अनि उसको पंचशीलप्रतिको दृढ विश्वासलाई बिगार्नको निमित्त एकजना मानिस उपाय खोज्दै थियो। उसको सबै प्रयत्न विफल भइसकेपछि अन्तमा उसले यस्तो सांस्कृतिक कार्यक्रम बनायो जुनकी अभूतपूर्व र आकर्षक थियो। त्यो सांस्कृतिक कार्यक्रम हेर्नलाई पैसाको आवश्यक थिएन। त्यहाँ पाँचवटा द्वार बनाइएको थियो। पाँचैवटा द्वारबाट प्रवेश गर्दा पंचशीलको उल्लंघन हुने गरी त्यहाँ व्यवस्था मिलाएको थियो। यस कार्यक्रमको मूल उद्देश्य जसरी भए पनि पंचशीललाई ध्वस्त पारिदिनु थियो।

पंचशील बिगार्ने व्यक्तिले यस्तो व्यवस्था मिलाएको थियो कि पंचशील पालन गर्ने मानिस जहाँबाट गए पनि त्यही नाटकको चर्चा सुनाइदिने उहाँ। फलाना ठाउँमा आयोजना गरिराखेको नाटकको कार्यक्रम क्या राम्रो! त्यो नहेरिकन जीवनको के स्वाद! जुन मानिसले त्यो नाटक हेर्दैन उसको जीवन नीरस र मृत्यु बराबर छ।

यस्तो किसिमको चर्चाले पंचशीलमा आस्था राख्ने मानिसको मनलाई त्यो नाटक हेर्न लालायित गराई छोड्यो। पूर्वतिरको प्रवेशद्वार बाट भित्र जान कुनै न कुनै प्राणीको हिंसा गरेर मात्र भित्र जान पाइने कुरा थाहा भयो। क्या फसाद ऊ भने हिंसा गरेर त्यो कार्यक्रम नहेर्न पक्षमा थियो।

दोस्रो ढोकाबाट जान केही न केही चीज चोर्नुपर्ने रहेछ। त्यो पनि भएन। फेरि अर्को प्रवेशद्वारबाट जान खोजेको त राम्रा राम्रा अप्सरा जस्ता आईमाईहरूसित मोज गर्नुपर्ने। त्यो पनि भएन। चौथो ढोकाबाट



Downloaded from http://dhamma.digital/

जान खोजेको त त्यहाँ पनि केही न केही झूठ बोल्नुपर्ने । त्यो पनि उसलाई मन परेन । अनि पाँचौं ढोकाबाट जान त झन् रक्सी नखाई नहुने । यस्तो स्थिति देखेपछि पंचशील भक्तले विचार गऱ्यो पंचशीलमा पहिलादेखि चारसम्मको शिक्षाप्रदलाई उल्लंघन गरेको खण्डमा ठूलो भूल र पाप हुन जान्छ । यो आखिरको रक्सी अलिकति खाएको खण्डमा कसैलाई हानी नोक्सानी हुँदैन । त्यो विचार गरी उसले अलिकति रक्सी सेवन गरिहाल्यो । त्यहाँ सबैभन्दा मिठो र कडा कडा रक्सी प्रतिपादन गरिएको थियो । उसको लागि रक्सी त सर्वोच्चानन्दपान महसूस भयो । जब उसले रक्सीको नसाभित्र प्रवेश गर्न थाल्यो तब उसलाई फूर्ति आउनथाल्यो । मगजमा विकृति उत्पन्न भयो र उसको मुखबाट निस्क्यो यस्तो अमृत पानलाई विषपान भनी मलाई धोकादिएको रहेछ । यो कस्तो पंचशील हो ? अरु पनि खाउँ अमृतपान भनी मागेर खायो । त्यसपछि उसले मानिस नभई दानवरूप धारण गऱ्यो । फलस्वरूप आईमाईसित पनि सुतिहाल्यो । प्राणी हिंसा पनि गरिहाल्यो । झूठो पनि बोलीहाल्यो र चोरी गर्न पनि किन बाँकी राख्थ्यो । एउटा पनि पंचशील बाँकी रहेन । उसको प्रतिज्ञा ध्वस्त भयो र पंचशील पालन गर्ने तपस्या पनि भंग भयो । उसले मारलाई (शत्रुलाई) चिन्न सकेन । शत्रुले जिती नै हाल्यो र त्यो पराजीत भयो । यो कथाबाट थाहा हुन्छ पांच शिक्षामा पाँचौ रक्सी पान गर्नु सबैभन्दा खतरापूर्ण छ ।

यस्तो वस्तु आज सभ्यताको चिन्ह जस्तै भएको छ । बौद्ध देशमा पनि रक्सी पानबाट बचेका विरलै पाइन्छन् । तर यहाँ राती राती सेवन गर्ने चलन छ । अरु अरु देशमा पनि ठूलो ठूलो पार्टीको आयोजना हुँदा सर्वोच्चानन्द पानको उपस्थिति अनिवार्य जस्तै छ । तर कोही कोहीले पानी मिसाएर खाने गरेको मैले देखेको छु । रक्सी नखानेलाई कोकाकोला, फाण्टा आदिको व्यवस्था छ । ■



Downloaded from http://dhamma.digital/

# दिवंगतहरूको नाउँमा गरिने पुण्य कर्म

बुद्ध धर्मावलम्बीहरूमा दिवंगत भएका आफन्तहरूलाई पुण्य छोडिदिने अर्थात् देहान्त भइसकेका आफन्तहरूको पुण्य स्मृतिमा धर्म-कर्म सञ्चय गरी पुण्यानुमोदना गर्ने चलन छ, जसबारेमा समाजमा शंका उपशंकाको कुरा उठिरहेको सुनिन्छ । पालि बौद्ध साहित्यमा उल्लेख भएअनुसार, गौतम बुद्ध राजगृहमा जाँदाखेरी बिम्बिसार महाराजाले भोजन दान दिनुभएको थियो । उक्त अवसरमा उहाँले दिवंगतहरूको पुण्य स्मृतिमा पुण्यानुमोदना गर्नुभएको थियो ।

धेरैजसो धर्महरूमा भक्तिभाव र अन्धविश्वासलाई स्थान दिइएको पाइन्छ तर बुद्ध धर्ममा भने त्यस्तो पाईदैन । बरू कालान्तरमा वैकल्पिक रूपमा केही कर्मकाण्ड र संस्कारहरू समावेश भएको कुरा बौद्ध ग्रन्थहरूमा उल्लेख छ । तैपनि बुद्ध धर्ममा मृत्यु भइसकेकाहरूको नाममा दान दिने प्रचलनको शुरुवात कसरी भयो ? यो जिज्ञासायुक्त अध्ययनको विषय बनेको छ । बुद्धको विचारधारा अनुसार, कुनै पनि विषयवस्तु उपरको शंका निवारणार्थ छलफल (धर्म साकच्छा) गर्ने स्वतन्त्रता सबैलाई छ । अंगुत्तरनिकाय अन्तर्गत कालाम सूत्रका अनुसार, कसैले भनेको कुरा, परम्परागत रीतिरिवाज, ग्रन्थमा उल्लेख कुराहरूलाई स्वतन्त्र चिन्तन र मननले विचार नगरिकन, राम्रो-नराम्रो र जीवनोपयोगी वा दुरुपयोगी भन्ने कुरा नछुट्याइकन विश्वास गर्नु हुँदैन । बुद्ध धर्मले प्रज्ञा र विवेक बुद्धिलाई विशेष महत्व दिएको छ । त्यसैले भनिन्छ पनि **पञ्ञावन्तस्सायं धम्मो** अर्थात् बुद्ध धर्म प्रज्ञावान र विवेक



Downloaded from http://dhamma.digital/

बुद्धियुक्त वर्गका लागि हो । प्रज्ञा भन्नु बुद्धिले बुझ्नु हो । पञ्ञाय परिसुज्झति अर्थात् प्रज्ञाद्वारा मात्र शुद्धि पाइन्छ भन्ने बुद्धको भनाइ बुद्धको विचार अनुसार, स्वविवेकले देखी सम्झी गरेको धर्म-कर्म ठूलो र महत्वपूर्ण हुन्छ ।

संसारमा धेरै प्रकारका धर्महरू छन् र तीमध्ये केही बाहिरबाट हेर्दा राम्रा लाग्नान् तर व्यवहारमा हेर्दा सारहीन, निरस तथा निरर्थक छन् । बुद्ध धर्मलाई स्वव्यवहारमा उतार्न त्यति सजिलो र सरल छैन किनकि ईश्वरलाई नमान्नु, आत्मालाई नित्य नमान्नु, कुनै पनि ग्रन्थ (धार्मिक नै किन नहोस्) लाई प्रामाणिक नमान्नु, हिंसा नगर्ने, रक्सी आदि मादक पदार्थ सेवन नगर्नु, व्यभिचार-बलात्कार नगर्नु आदि कुराहरू साम्प्रदायिकयुक्त धार्मिक जगतलाई नपच्ने खालका कुराहरू हुन् तर पनि यी कुराहरूलाई सारहीन भन्न चाहिँ मिल्दैन । त्यसैले दिवंगतहरूका पुण्यस्मृतिमा पुण्य दान गर्ने प्रथाको बारेमा प्रश्न उठाउनु राम्रो कुरा हो, यो प्रासंगिकपूर्ण गम्भीर प्रश्न पनि हो ।

जानुस्सोनि नामक ब्राह्मण गौतम बुद्धकहाँ गएर सोधे- "ए श्रमण गौतम ! दिवंगत भइसकेका आफन्तहरूका नाममा पुण्य दान गर्दा त्यो कसरी उसलाई प्राप्त हुन्छ ?" बुद्धले भन्नुभएको थियो- "परलोक भैसकेकाहरूले पुण्य पाउने आशा गरेको खण्डमा मात्र पुण्य प्राप्त हुन्छ ।"

बुद्धले उदाहरणहरूसहित व्याख्या गर्दै भन्नुभयो- "यदि मानिस मरिसकेपछि पुनः मनुष्य नै भएर जन्मिन्छ भने उसलाई पुण्य प्राप्त हुने छैन किनभने उसले पुण्य पाउने आशा गरेको हुँदैन । मनुष्य नै भएर जन्म लिँदाखेरी पूर्वजन्मका नाता कुटुम्बहरूका बारेमा अनभिज्ञ रहने हुँदा उसले पुण्यको आशा गर्दैन ।"

"कोही पशु योनीमा जन्म भए पनि उसलाई पनि हामीले छोडिदिएको पुण्य प्राप्त हुँदैन किनभने उसमा पूर्वजन्म र वर्तमान



Downloaded from http://dhamma.digital/

जन्मको बारेमा केही ज्ञान हुँदैन ।" "नरकमा जन्मेकालाई पनि पुण्य प्राप्त हुने छैन किनभने उसले पनि पुण्यको आशा नै गरेको हुँदैन ।" तर नाना प्रकारका प्रेतहरूमध्ये "परदत्तूपजीवी" अर्थात् अरूले दिएको खण्डमा मात्र खान पाइने (परजीवी) प्रेत पनि एक जाति हो । यिनीहरू सधैं आफन्तहरूले आफ्नो नाउँमा पुण्य सञ्चय गरी पुण्य छोडिदेलान् कि भनी आशा गरेर बस्छन् रे । त्यसैले यस्तालाई मात्र पुण्य प्राप्त हुन्छ भन्ने कुरा पाली बौद्ध साहित्यमा उल्लेख छ । "देवता भएर जन्म लिनेहरूलाई पनि पुण्य प्राप्त हुने छैन किनभने उनीहरू मोज मज्जामै व्यस्त रहेका हुन्छन् तर आशा गरेको खण्डमा भने पुण्य प्राप्त हुनसक्छ ।"

उपर्युक्त कुराहरूबाट यो कुरा स्पष्ट हुन्छ कि पुण्य दान गर्ने भनेका खाली प्रेत हुनेहरूका लागि मात्र हो । अब यहाँ प्रश्न उठ्छ- के मरेका आफ्ना आफन्तहरू सबै प्रेत हुने भएकाले उनीहरूका लागि पीण्डदान आदि दिने चलन चलेको हो त ? ! यस्तो होइन, किनभने हाम्रो समाजबाट मानिस मरेर कहाँ जान्छ, कुन योनीमा जन्मिन्छ भन्ने कसैलाई थाहा छैन ।

अर्को पनि प्रश्न उठ्नसक्छ- कोही प्रेत योनीमा जन्मिएन भने हामीले छोडिदिएको पुण्य सदुपयोग हुँदैन त ? त्यस्तो अवस्थामा त्यो पुण्यको अर्थ के रहन्छ त ? यसको उत्तर पनि शून्यमा बिलाउने आफू मर्दादिखी आफूले गरेको पुण्य सम्झना आउँदाखेरी मन ढुक्क भएर मर्न पाइन्छ । अर्को उदाहरणस्वरूप भनौं कि हामी समय-समयमा पाहुनाहरूलाई मीठा-मीठा खाना ख्वाउँछौं । यदि पाहुनाहरू आएनन् भने हामीले पकाएको खाना व्यर्थ हुँदैन । हाम्रै लागि काम लाग्छ । रेडियो स्टेशनले प्रचार गरेको कार्यक्रम र विज्ञापनहरू रेडियो सुन्नेलाई मात्र थाहा हुन्छ । नसुन्नेहरूलाई थाहा हुँदैन । बारम्बार प्रचार हुँदाखेरी बिहान नसुनेका कुरा बेलुकी सुन्दा थाहा पाइन्छ । त्यस्तै बारम्बार पुण्य गर्नुको अर्थ पनि यही हो ।



Downloaded from http://dhamma.digital/

दिवंगतहरूको पुण्यस्मृतिमा पुण्य (दान आदि) गरेर पुण्य कमाउने चलन कहिलेदेखि र कसरी बौद्ध समाजमा बौद्ध संस्कार पद्धतिको रूपमा प्रचलनमा आयो भन्नेबारे एउटा बुद्धकालीन घटना प्रस्तुत गर्नु प्रासंगिक होला ।

एकदिन अनाथपिण्डिक महाजनको नातिनीको एउटा राम्रो खेलौना कठपुतली झ्यालबाट खसेर टुक्रा-टुक्रा भइकन टुट्यो, फुट्यो । अनि त्यो बच्ची सुँक्क सुँक्क रुँदै "मेरो प्यारो खेलौना मरिन्" भनी चिच्याउन थालिन् । उनी रोएको रोएकै गरिन् । कसैले फकाउँदा पनि मानिनन् । नातिनीलाई चित्त बुझाउन अनाथपिण्डिक महाजनले भन्नुभयो- "हेर नानू ! तिम्रो मरेकी खेलौनाको नाउँमा म भगवान बुद्धको प्रमुख भिक्षु संघलाई दान दिने छु । अब नरुनु ल है नानी ज्ञानी छौ, हगी ?" यसो भनेपछि बच्ची रुन छाडिन् अनि बच्चीले ताकेता गर्न थालिन्- "बाजे, भोलि नै दान दिनुपर्छ, है ? अब बुद्धलाई हाम्रो घरमा, छिट्टै बोलाउनुस् न !?"

यसपछि अनाथपिण्डिकलाई धर्मसंकट भयो । दिवंगत मानिसको नाउँमा त दान दिने चलन थिएन भने यो खेलौनाको नाउँमा कसरी दान दिने ? तैपनि अनाथपिण्डिक बुद्धकहाँ गएर घटनासम्बन्धी सम्पूर्ण वृत्तान्त सुनाए । यो घटनाले बुद्धलाई समेत धर्मसंकटमा पाऱ्यो । उहाँले विचार गर्नुभयो कि खेलौना त निर्जीव-नक्कली चीज हो । उसको नाउँमा दान दिएर पुण्य छोडिदिनु आदि नराम्रो कुरा पनि होइन । अनि बुद्धले निमन्त्रणा स्वीकार गर्नु भई भोजनार्थ जानुभयो ।

यो खबर आँधीबेहरीको रूपमा सर्वत्र फैलियो । बुद्धका अनुयायीहरू पनि "हाम्रा धेरै आफन्तहरू मरिसकेका छन् र उनीहरूको नाउँमा हामी पनि दान दिन चाहन्छौं । अनाथपिण्डिक महाजनका नातिनीको खेलौनाको नाउँमा भगवान बुद्धले भोजन स्वीकार गर्नुभयो भने



Downloaded from http://dhamma.digital/

हामीकहाँ पनि वहाँ भोजनको लागि आउनुपर्छ । हामी पनि पुण्य गरेर दिवंगत आफन्तहरूलाई पुण्य छोडिदिन चाहन्छौं" भन्दै बुद्धलाई सबैले निमन्त्रणा गर्न थाले । अनि भगवान बुद्ध पनि उनीहरूका घर-घरमा जानुभयो । त्यसै कालदेखि दिवंगतहरूको पुण्यस्मृतिमा भोजन दान दिने चलन चल्ती शुरु भएको हो भनी पाली साहित्यमा उल्लेख गरिएको पाइन्छ ।

अब यसको केही सकारात्मक पक्षतिर विचार गरौं । दिवंगतहरूको पुण्यस्मृतिमा धर्मग्रन्थहरू प्रकाशन गरी वितरण र प्रचार गर्नु, विद्यालय पाठशाला बनाउन जग्गा दान गर्नु, अस्पताल बनाउन जग्गा र आर्थिक सहयोग दिनु, विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्नु पुरस्कार प्रदान गर्नु, तक्मा प्रदान गर्नु आदि यी जस्ता कुराहरू दिवंगतहरूको नाउँमा गरिने पुण्यकार्यहरू छन् । यसले गर्दा आफूलाई पनि अरूलाई पनि फाइदा नै हुन्छ । जे होस् दिवंगतहरूको पुण्यस्मृतिमा सामाजिक, धार्मिक, शैक्षिक एवं परोपकार हुने क्षेत्रहरूमा योगदान गर्नु आदर्श तथा अनुकरणीय कार्य हो भन्ने कुरामा कसैको दुई मत हुनै सक्दैन । ■

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

# नारीको यो पक्षतिर पनि ध्यान दिने कि !

नारी दिवसको उपलक्ष्यमा नारीप्रति बुद्धको दृष्टिबारे केही कुरा लेख्न पाउँदा औंधि खुशी लागेको छ । हामीकहाँ मात्र होइन, विश्वमा नै महिला दिवस, बाल दिवस, शहीद दिवस, सफाई दिवस र मानव अधिकार दिवस मनाउने गरिन्छ । तर त्यसको परिणाम भने त्यति सन्तोषजनक पाइएको छैन । नारी दिवस औपचारिकतामा मात्र सिमित हुने गरेको छ । धेरैजसो एशियाली मुलुकहरूमा नारीलाई पुरुष समान अधिकार प्राप्त भएको छैन । अरु देशको त के कुरा, हाम्रै नेपालमा पनि छोराले पाउने सम्पत्तिको अधिकारबाट छोरीलाई बञ्चित गरिएको छ । त्यसबारे राम्रो ऐन र कानून नै बनेको छैन । म राष्ट्रिय सभामा छँदा तत्कालीन सत्तारुढ पार्टी नेपाली काँग्रेसकी एक सांसद चेतकुमारी दाहालले नारीलाई पुरुष समान पैतृक सम्पत्ति दिइनुपर्छ भनी विधेयक ल्याउनु भएको थियो । तर पछि त्यो विधेयक फिर्ता लिन लगाइयो । यसरी प्रजातन्त्रपछि मानव अधिकारको आवाज उठाउने काँग्रेस सरकारले नारीको समान अधिकार सम्बन्धी विधेयक पास हुनै दिएन ।

हिन्दू राज्य र हिन्दू सँस्कृतिमा पनि नारीलाई पुरुष सरह अधिकार छैन । नारीले वेद पढ्न मनाही छ । धर्मगुरु शंकराचार्यले त नारीलाई नरकको द्वारसम्म पनि भन्न पछि परेका छैनन् । बौद्ध जातक ग्रन्थमा पनि नारीप्रति राम्रो धारणा उल्लेख भएको पाईदैन । किनभने बौद्ध जातक पनि ब्राह्मण आचार्य भिक्षुहरूले नै लेखेका ग्रन्थहरू हुन् ।



Downloaded from http://dhamma.digital/

अब भगवान बुद्धको नारीप्रति कस्तो दृष्टि रहेछ भन्ने विषयमा केही चर्चा गरौं । एकदिन प्रशेनजित कोशल राजा गौतम बुद्धसमक्ष गई बुद्धलाई अभिवादन गरेर धर्मसम्बन्धि छलफल गर्दै बसेका थिए । त्यसैबखत राजदरबारबाट एक राजपुरुष आई प्रशेनजित कोशल राजाको कानमा बडामहारानी मल्लिका देवीले छोरी जन्माएको कुरा सुटुक्क भने । यो कुरा सुनी प्रशेनजित कोशल राजाको मन खिन्न भयो र उनले मुख अँध्यारो पारे । टाउको पनि बिस्तारै झुक्यो ।

यसरी अचानक राजाको मन खिन्न भएको देखेर बुद्धले सोध्नुभयो- "महाराज, दरबारबाट के खवर आयो, जसले गर्दा महाराजको मुख अँध्यारो भयो र मन दुःखी हुन पुग्यो ?"

कोशल राजाको जवाफ थियो "भो शास्ता ! मल्लिका देवीले पुत्र जन्माउँछिन् भन्ने आशा र भरोसा लिएको थिएँ । तर छोरी जन्माइन् भन्ने खवर आयो ।"

यो कुरा सुनी सकेपछि गौतम बुद्धले भन्नुभयो -

**"इत्थीपि हि एकच्चियया, सेय्या पोस जनाधिप ।**
**मेधावी शीलवती, सस्सु देवा पतिब्बता ॥**
**तस्सा यो जायति पोसो, सूरो होति दिसम्पति ।**
**तादिसा सुभागिया पुत्रो रज्जंपि अनुसासतीति ॥"**

(महाराज ! कुनै कुनै स्त्री बुद्धिमान, शीलवती, सासू र ससुरालाई देवता समान मानी पतिव्रता भई पुरुषभन्दा पनि श्रेष्ठ हुन सक्छे । त्यसकारण आफ्नी छोरीलाई राम्रो शिक्षा दिई पोषण गर्नुस् र आवश्यक तालिम दिनुस् । त्यस्ती नारीको कोखबाट जुन सन्तान जन्मिन्छ, उ सुरवीर तथा दिशा प्रमुख (राज्य प्रमुख) हुन सक्छ । त्यस्ती सौभाग्यवतीको कोखबाट जन्मेको बालकले राज्यमा शासन पनि गर्न सक्छ ।)



Downloaded from http://dhamma.digital/

गौतम बुद्धले २५०० वर्ष पहिले व्यक्त गर्नुभएको कुरा आज साकार भएको छ । स्त्रीबाट जन्मेको सन्तानले मात्र होइन, स्त्री आफू स्वयंले पनि राज्य संचालन गर्न सक्षम भएका छन् । उदाहरणार्थ, संसारमा सबैभन्दा पहिले श्रीलंकामा श्री माओ बण्डारनायके प्रधानमन्त्री बनिन् । त्यसपछि भारतमा इन्दीरा गान्धी, इजरायलमा ... इंग्लैण्डमा मार्गरिट थ्याचर, पाकिस्तानमा बेनजीर भुट्टो आदि प्रधानमन्त्री बने, बंगलादेशमा पनि महिला प्रधानमन्त्री छिन् । हाल श्रीलंकामा श्री माओ बण्डारनायके प्रधानमन्त्री, छोरी चन्द्रिका राष्ट्रपति पदमा रही संसारको इतिहासमा एक नौलो आयाम थपेको कुरा हाम्रा सामु उपस्थित छ ।

फिलिपिन्समा पनि श्रीमती कोराजोन अक्वीनोले राष्ट्रपतिको रुपमा शासन चलाइन् भने बेलायतमा महारानी एलिजाबेथले शासन चलाइरहेकी छन् । त्यस मुलुकमा महिला मन्त्रीहरू त कति छन् कति । त्यस्तै हाम्रो नेपालमा पनि शैलजा आचार्य र साहना प्रधान जस्ता नारीहरूले पनि मन्त्री पद सम्हाली कार्य संचालन गरिसकेका छन् । प्रधानमन्त्री बन्न परेपनि बन्न तयार भएका नारीहरू हाम्रो नेपालमा हालसालै पनि विद्यमान छन् ।

भगवान बुद्धले भन्नुभएको थियो, "पुरुषको लागि विश्वासी साथी आफ्नी पत्नी हो ।"- (भार्या परमा सखा)

अर्थात् स्वास्नी परम मित्र हुन् । छोरा छोरीको लागि आफ्नो घरमा आमा नै साथी हुन् । (माता मित्तं सके घरे)

एकदिन एकजना ठूला विद्वानले गौतम बुद्धसँग सोधे- "किंसु भण्डानं उत्तमं"

अर्थात् संसारमा ठूलो वस्तु के हो ? बुद्धको उत्तर थियो - "इत्थि भण्डानं उत्तमं" अर्थात् स्त्री नै सबैभन्दा उत्तम वस्तु हो ।



Downloaded from http://dhamma.digital/

बुद्धको यो उत्तर सुनेर त्यो जिज्ञासु पुरुष जिल्ल पऱ्यो । उसले बुद्धले सदाचारी हुनुलाई नै उत्तम भन्नुहुन्छ भन्ठानेको रहेछ । तर उहाँबाट एकदम साँसारिक र व्यवहारिक उत्तर पाएकोले उ सारै खुशी भयो ।

गौतम बुद्धले भिक्षु संघ र भिक्षुणी संघ खडा गरी नारीलाई समान अधिकार प्रदान गर्नुभयो । बुद्धले भिक्षु, भिक्षुणी, उपासक र उपासिका भनी चार परिषद बनाउनु भयो । अर्को भाषामा भन्नुपर्दा बौद्ध समाजरुपी रथमा चार पांग्रा भिक्षु, भिक्षुणी, उपासक र उपासिका बनाउनु भयो । पछि आएर बौद्ध आचार्यहरूमा ब्राह्मण संस्कार मिश्रण भएर भिक्षुणी संघ लोप भयो भने फेरि भिक्षुणी संघ बनाउको लागि भिक्षु संघ अनुत्साहित भयो । यो दु:खको कुरो थियो ।

अब धेरैजसो नारीहरू जागृत अवस्थामा छन् । त्यसैले स्वार्थी विचारधारा भएका पुरुष वर्गले धेरै दिन शोषण गर्न नपाइने लक्षण देखा परेको छ । तर यस लक्षणलाई साकार पार्न नारीवर्ग पनि रुढीवादी हुनु भएन । सबैमा जागृति आउनुपऱ्यो ।

जानी राख्नुपर्ने कुरा हो, बर्मा (म्यान्मार) का मानिसहरू विवाह पछि प्रार्थना गर्छन्, सबैभन्दा पहिले छोरी पाउँ भनेर । यसरी छोरी जन्मियोस् भनी प्रार्थना गर्नुको मुख्य तात्पर्य बर्मामा छोराहरू विवाह पछि धेरैजसो घर ज्वाई बस्न जाने प्रचलन रहेछ । कुनै प्रकारको भेदभाव छैन बर्मामा । स्त्री पुरुष समान छन् । तर दु:ख लाग्दो कुरो हो, त्यस्तो मुलुकमा प्रधानमन्त्री बन्ने योग्यता भएकी आङसान सुकीलाई घरमै नजरबन्द गरी राखिएको छ । ■



Downloaded from http://dhamma.digital/

# बुद्ध र मानवतावाद

बुद्ध धर्ममा जातिवादलाई कुनै स्थान दिइएको छैन । यसमा मानवतावाद समावेश भएको छ । उदाहरणार्थ समाजद्वारा शोषित दलित वर्गको सुनित भन्ने एक पोडेलाई बुद्धले आफ्नो संघको सदस्य बनाइ उपकार गर्नुभएको थियो । त्यस सम्बन्धी घटना यसप्रकार छ-

श्रावस्ती नगरमा सुनित नामक एक च्यामे थियो । त्यो सार्वजनिक बाटोहरू सफा गर्ने काम गर्दथ्यो । त्यो ज्यादै गरीब थियो ।

त्यो बेला ठूला खानदान र धनी मानिसहरूले बाटोमा हिँड्दा च्यामे र पोडेहरू आफैं हट्नु पर्दथ्यो । अन्यथा मार खानुपर्ने अवस्था आइपर्थ्यो । तिनीहरूलाई शिक्षा हासिल गर्ने र धर्म कर्म गर्नेबारे कुनै अधिकार थिएन । किनभने समाजले तिनीहरूलाई अछुत भनी समाजबाट अलग्ग गरी छुट्टाएर राखेको थियो । यो त २५०० वर्ष अगाडिको कुरो भयो । हाम्रो देशमा त प्रजातन्त्र आइसकेपछि पनि पोडेहरूका लागि पशुपतिनाथको मन्दिरभित्र प्रवेश निषेध गरिएको छ । तर यो नियम स्वयम्भू भगवानको मन्दिरमा लागू गरिएको छैन । त्यहाँ सबै जातिलाई ढोका खुल्ला छ । बुद्ध धर्म मानवतावादी धर्म हो भन्ने कुरा यही कुराले पनि पुष्टि हुन्छ ।

एक दिनको कुरो हो, त्यस सुनित च्यामे बिहानै बाटोमा कुचो लगाइ फोहर एक ठाउँमा जम्मा पार्दै थिए । त्यही बेला गौतम बुद्ध आफ्ना भिक्षुहरूको समूहसँग त्यही बाटो हुँदै आउनु भयो । उहाँलाई देख्ने वित्तिकै सुनित पोडे भयभित भई कता जाने, कता जाने भई भाग्न खोज्दै थियो ।



Downloaded from http://dhamma.digital/

भगवान बुद्ध नजिकै आइपुग्नुभयो। अनि सुनित त झन् पर्खालमै टाँसिएर उभिरह्यो यो देखि बुद्धले सुनितको अगाडि गई सोध्नुभयो । "साथी ! के तिमी यो काम छाडी भिक्षु बन्न चाहन्छौ ?"

बुद्धको करूणायुक्त कुरा सुनी सुनित पोडे खुशीले गद्-गद् भयो। खुशीले ऊ एकछिन बोल्न नै सकेन उसलाई थाहा पनि थिएन, गौतम बुद्ध त्यति दयावान् हुनुहुन्छ भनेर । अनि त्यो भन्न थाल्यो- अहो ! महादयावान् महामानव गौतम बुद्ध ! अहिलेसम्म सबैले मलाई हुकुम चलाउन मात्र आउँथे र सबैले मलाई काम अन्हाउने मात्र गर्थे । तर कसैको मुखबाट मैले मप्रति दया र करूणाले भरेको नरम बोलीवचन सुन्ने अवसर पाएको थिइन । म जस्तो गरीब, अशिक्षित र फोहरीलाई तपाईले आफ्नो संघमा स्थान दिनु हुन्छ भने म त्यसलाई सहर्ष स्वीकार गरी भिक्षु बन्न तयार छु।

गौतम बुद्धले सुनितलाई भिक्षु बनाइदिनु भयो। त्यो दिनदेखि त्यस सुनित पोडे, पोडे जातिबाट पूज्य बन्यो। राजा, मन्त्री र महाजनहरूले नमस्कार गर्न योग्य बन्यो । यसरी बुद्धले त्यस समयको जातिवादको घेरालाई ठूलो प्रहार गरी तोड्नु भयो । अनि बुद्धले समाजद्वारा नीच कहलाइएका जातिहरूलाई प्रव्रजित गराइदिनुभयो र उनीहरूलाई उच्चजातिहरूले नमस्कार गर्न योग्य व्यक्ति बनाइदिनु भयो।

बुद्धले भन्नु भएको छ-

"न जच्चा वसलो होति न जच्चा होति ब्रह्मणो कम्मना वसलो होति कम्मना होति ब्राह्मणो"

अर्थात्- जन्मले कोही पनि चण्डाल र ब्राह्मण हुँदैन्। कर्मले नै चण्डाल र ब्राह्मण हुन्छन्। यो कुरा उपयुक्त घटनाले नै स्पष्ट पार्दछ।



Downloaded from http://dhamma.digital/

अर्को कुरो, गौतम बुद्ध केवल उपदेश मात्र दिने खालको व्यक्ति हुनुहुन्न थियो । उहाँ पहिला आफूले उदाहरण स्वरूप कार्य गरी देखाएर मात्र अरूलाई उपदेश दिने गर्नु हुन्थ्यो । यसै सिलसिलामा उदाहरणार्थ बुद्धले आफैले रोगीको सेवा गरी समूहमा बस्दा र समाजमा बस्दा सबैमा परस्पर सेवाभाव हुनुपर्छ भन्ने विषयमा उहाँले भिक्षुहरूलाई ज्ञान दिनुभएको थियो ।

यसबारे बुद्धकालीन घटना प्रस्तुत गर्न चाहन्छु । एक दिन गौतम बुद्ध भिक्षुहरू बस्ने विहार निरीक्षण गर्न जानुभएको थियो । त्यसबेला एकजना भिक्षु पेटको ब्यथाले च्यापी सिकिस्त बिरामी भई मलमूत्र सहित विछयौनामा छट्पटाई रहेका थिए । यो दृश्य बुद्धले देख्नु भएपछि उहाँले बिरामीलाई सोध्नु भयो- "आवुसो ! (साथी, तिमीलाई कसैले सेवा टहल गरेन ?"

रोगीले उत्तर दिए- "भन्ते ! कोही पनि म कहाँ आउँदैनन्"

यो सुनी बुद्धले आफ्ना निजी सेवक भिक्षु आनन्दलाई पानी तताउन आज्ञा दिनुभयो । तातो पानी ल्याइसकेपछि गौतम बुद्धले स्वयं त्यो रोगी भिक्षुको टाउको समात्नु भयो र आनन्दले रोगीको शरीर समाती रोगीको स्थान बदली दिनुभयो ।

त्यसपछि मलमूत्रमा परिरहेको रोगी, अर्थात् अनाथ भिक्षुलाई स्वयं बुद्ध आफैले नुहाइदिनुभयो । र अर्को कपडा फेराई सेवा गर्नुभयो ।

त्यसपछि सबै भिक्षुहरू एक ठाउँमा जम्मा गरी तथागत बुद्धले भन्नुभयो- "भिक्षुहरू ! यहाँ तिमीहरूका आमा, बुबा दाजु, भाइहरू छैनन् । त्यसकारण तिमीहरूमा परस्पर सहानुभूति र सेवाभाव हुनु जरूरी छ । आज मैले तिमीहरूलाई एउटा कुरा भन्छु सुन- "यो गिलानं उपट्ठाति सो मं उपट्ठानि ।" अर्थात् जसले रोगीको सेवा गर्छ, उसले मेरो (बुद्धको) सेवा गरेको हुन्छ ।



Downloaded from http://dhamma.digital/

बुद्ध धर्ममा मानववाद समावेश भएको छ । बुद्धवाद अतिवादबाट टाढा छ । संकीर्ण र संकुचित भावनालाई यसमा स्थान छैन । बुद्ध धर्ममा सबैलाई ढोका खुल्ला छ । राजादेखि गरीबसम्म, ब्राह्मणदेखि पोडेसम्म अंगुलीमाल जस्ता कुख्यात डाँका र अम्बपाली जस्ती बेश्याहरू तथा आफ्नो पतिको हत्या गरेर आएकी कुण्डल केशा जस्ती आइमाई आदिलाई पनि बुद्धले भिक्षु र भिक्षुणी संघमा सम्मिलित गराउनु भयो । यस्तो थुप्रै उदाहरणहरू बुद्धकालीन घटनाहरू अध्ययन गर्दै लगेमा भेट्टाउन सकिन्छ । कुनै व्यक्ति अज्ञानबस पापी भए पनि एक सज्जन र धर्मात्मा बन्न सक्छ । दुर्जनहरू सज्जन हुनु सक्दैन र उनीहरू सज्जन बन्न सम्भव छैन भन्ने हो भने धर्म, शिक्षा आदिको के महत्व रह्यो र ? हालै भारतमा दस्यु सुन्दरीका रूपमा चिनिने फुलन देवीको हृदय परिवर्तन भयो र हालै नागपुरको दीक्षा भूमिमा गई उनीहरूले पञ्चशील प्रार्थना गरी बुद्धको शिक्षा ग्रहण गरिन् ।

बुद्धको विचार अनुसार पापलाई घृणा गर्नुपर्छ, पापीलाई होइन । हुन त पापीहरू धेरै थरीका हुन्छन् । जन्मसिद्ध अधिकार मानी धनीले गरीबलाई शोषण गरिरहने र अरूलाई दुःख र शोषण गरी देखावती धर्म गरिरहने एक थरीका पापीहरू पनि छन् । त्यस्तै काम नपाएर आर्थिक अवस्था कमजोर भई गरीबीको कारणले गर्दा पाप कर्म गर्न बाध्य भएका अर्को थरीका पापीहरू पनि छन् ।

कुनै मानिस किन पापी हुन्छ र किन उसको चरित्र र नैतिकता भ्रष्ट हुन्छ, किन भ्रष्टाचार र बलात्कार जस्ता कुकृत्यहरू गरिन्छन् र किन झूठा कुराहरू बोलिन्छन् आदि विषयहरूको र घटनाहरूको कारणहरू पत्ता लगाई त्यसबारे ठीक तरीकाले अध्ययन गरी ठीक समझदारी हुनुपर्ने विषयमा बुद्ध धर्मले जोड दिएको छ । जबसम्म ठीक समझदारी हुन सक्दैन र तथ्य कारणलाई पत्ता लगाइ फ्याक्न सकिदैन,



Downloaded from http://dhamma.digital/

तबसम्म बुद्ध धर्मले मात्र पनि कुनै समस्या हल गर्न सकिदैन । फलस्वरूप शान्ति स्थापना गर्नको निमित्त मद्दत मिल्दैन ।

शान्ति र सदाचार समाजको व्यवस्थामा निर्भर हुन्छ । दीघनिकायको चक्रवर्ती सिंहनाद सूत्रमा गौतम बुद्धले स्पष्ट रूपमा भन्नुभएको छ- गरीबी र निर्धनता नै सबै पापको उपज हो । कामकाज नपाएपछि र भोकको कारणले गर्दा पनि समाजमा चोरीको काम हुन सक्छ ।

आजको समाजमा एकथरी अगाडि नबढी पछाडितिर सर्दै जानेहरू छन् भने अर्का थरी पछाडि नहेरीकन तीब्ररूपले अगाडि बढ्दै जानेहरू पनि छन् । यी दुवै थरीले आजको परिस्थितिलाई विचार गर्नुपरेको छ । त्यस्तै जनताको आर्थिक जीवन राम्रो पार्न बुद्धले मध्यम मार्ग देखाउनु भएको छ । आजको अन्तर्राष्ट्रिय जगतमा आर्थिक असमानताले गर्दा जताततै परिवर्तन र संघर्ष भइरहेको छ । यदि आर्थिक असमानताको कारणले गर्दा यस समस्यालाई समाधान गर्नको लागि बुद्धले समाजमा त्याग र दानको महत्व दर्शाउनुभयो ।

तर बुद्धको यस नीतिलाई राम्ररी बुझ्न नसकी बुद्धमार्गी देश भएर पनि यहाँ शोषण नीतिलाई अपनाई मानिसहरूले दुःख भोगी रहेका छन् । बुद्ध धर्ममा धनी र गरीबको कुनै भेदभाव छैन । जनताका बीचमा धनी र गरीबको बीचमा जुन भिन्नता पाइन्छ, त्यसलाई हामीले समाप्त गर्न सक्नुपर्छ । यही नै मध्यम मार्गको साँचो अर्थ हो । ■



Downloaded from http://dhamma.digital/

# संस्कार बदल्न सके मात्र जीवन सुध्रिन्छ

असीमित व्यक्तिगत स्वार्थ भावना हटेको छैन । आजभोलि व्यक्तिगत स्वार्थलाई प्रजातन्त्र ठानेको छ। बलात्कार, भ्रष्टाचार, अन्याय, अत्याचार भएको व्यक्तिगत स्वतन्त्रतालाई प्रजातन्त्र कहलाइन्छ। चरित्र जत्ति भ्रष्ट भएता पनि पूजा पाठ, कर्मकाण्ड गर्नलाई प्रजातन्त्र र मानवता भनिन्छ। कुसंस्कार नत्यागीकन कहाँ प्रजातन्त्र टिक्छ र ?

संस्कार शब्दको अर्थ धेरै छन् । बालचन्द्र शर्माद्वारा सम्पादित शब्दकोष अनुसार दुइवटा अर्थ भएको बुझिन्छ। एउटा हो दोष अवगुण आदि हटाएर (आचरण) ठीक पार्ने काम, सुधार। अर्को अर्थ- जातकर्म, नामकर्म, अन्नप्राशन, चूडाकर्म, उपनयन, ... ... दाहसंस्कार कर्म आदि

मैले लेख्न लागेको विषय उपयुक्त कुराहरू भन्दा अर्कै खालको हो। बुद्धको विचारमा पनि बानी ब्यहोरा भन्ने कुरा संस्कार जस्तो हो। बानी भनेको बालकपनदेखि परिवारमा र समाजमा बसेर अभ्यास भएको आचरण हो। जस्तो कि ज्यापू परिवारमा हुर्केकालाई जाँड, हरियो खुर्सानी र प्याज खाने बानी परेको हुन्छ, पीरो खाने बानी बसेको हुन्छ। अनि ऊ जहाँ गए पनि पीरो खान मनपराउँछ । आखिर उसको त्यही संस्कार बन्छ । तमाखु र चुरोट खाने बानी परेकाहरूलाई त्यो संस्कार छाड्न गाह्रो हुन्छ। त्यस्तै जाँड रक्सी खानेहरूका लागि त्यो वस्तु बानी पर्छ र संस्कार बन्छ। अनि अमल लाग्छ।

जुन समाजमा, जुन देशमा बस्छ त्यही ठाउँको संस्कार बस्छ। पूजा आजा गर्ने विश्वास भएको परिवारमा हुर्केका बच्चालाई सानैदेखि देउटा ढोग्नु पर्छ, बरदान माग्नु पर्छ, सरस्वतीको पूजा पाठ गर्नुपर्छ, अनि



Downloaded from http://dhamma.digital/

विद्धान होइन्छ भनी सिकाउँछन् । त्यही शिक्षा बालकमा संस्कारको रूपमा विकसित हुन्छ । भगवानलाई पूजा गर्नु नै ज्ञानी हुनु हो, सज्जन हुनलाई नराम्रो व्यवहार त्याग्नु भनेर शिक्षा नै दिइदैन । पूजा गरे धर्म लाग्छ भनेर शिक्षा दिइन्छ । अनि धर्म पनि अफिम बन्छ, अन्धविश्वास बन्छ । संस्कार बन्छ । अनि कहाँ दोषगुण हटाएर आचरण शुद्धि हुन्छ ? बाहिरी ढोंगीपन मात्र बढ्छ । संस्कारले जीवन सुधार र प्रगतितिर नलगीकन पछाडितिर मात्र धकेल्छ । त्यसैले गौतम बुद्धले भन्नुभएको थियो- सबै संस्कार बदल्नु पर्छ । संस्कार अनित्य छ । संस्कार बदल्नु पर्छ भन्ने कुरा प्रज्ञा भएको मानिसलाई मात्र थाहाहुन्छ ।

**"सब्बे संखारा अनिच्चाति यदा पञ्जाय पस्सति**
**अथ निब्बिन्दति दुक्खे एसमग्गो विसुद्धिया" ।**

भाव अर्थ– सबै संस्कार अनित्य हो भनी प्रज्ञाले देखिन्छ अनि त्यस व्यक्ति दुःखबाट मुक्त हुने बाटोमा जान्छ । बुद्ध भन्नुहुन्छ- सबै संस्कार दुःखका कारण हुन् । कुसंस्कारबाट मुक्त हुन सकेमा मात्र मानिसको जीवन शुद्ध हुन्छ ।

आजको समाजमा धेरै समस्या बढिरहेको छ । आ-आफ्नो संस्कार बदल्न र छोड्न कोही तयार छैन । सबैलाई संस्कारमा अमल लागेको छ । अनि कहाँबाट दुःख र समस्या हराएर जान्छ त ? संस्कार छोड्नु गाऱ्हो पर्छ ।

कुसंस्कार छोड्न नसकेकोले झगडा भएको बरनारसको एउटा घटना प्रस्तुत गर्दछु ।

हामीकहाँ तमाखु र जाँड खाने कुसंस्कार बसे जस्तै बनारसका मानिसलाई भाङ खाने बानी बसेको छ । भाङ बनाउन पैसा धेरै खर्च हुन्छ रे । एकदिन भाङ्ग खाने संस्कार भएका मानिस केही काममा बाहिर गएको रहेछ । फर्केर आउँदा अबेर भयो । उसले भाङ्ग खान खोज्यो बनाइ राखेको



Downloaded from http://dhamma.digital/

सिद्धिएको रहेछ। बनाउनलाई बदाम आदि सामान पनि छैन। किन्नलाई बजार गएको त पसल जम्मै बन्द भइसक्यो। उसलाई भाङ्ग नखाएमा सुत्नै नसक्ने रहेछ। त्यसैले एउटा पसलको खापामा खट खटाए। पसल बन्द भैसक्यो भनेर भित्रबाट जवाफ आयो। फेरि आफ्नो पीर पोखेर पसल खोल्न बाध्य तुल्यायो। चाहिने चीज लियो र सयको नोट दियो। पसलेले भन्यो फिर्ता दिने पैसा छैन। भोलि लिन आउँछु भनेर आयो। तर पसल सबै उस्तै उस्तै छ। भोलि पैसा फिर्ता लिनलाई उसले चिन्ह खोज्यो। एउटा साँढे पसल अगाडि बसी रहेको उसले देख्यो। त्यसैलाई पसल चिन्ने चिन्हको रूपमा मनमा राखी उ घर फर्क्यो।

भोलिपल्ट पैसा फिर्ता लिन गयो र त्यही साँढे खोज्न गयो। त्यो साँढे मुसलमान सुजिकार पसलको अगाडि बसेको रहेछ। त्यो भाङ्ग खाने मान्छे सरासर दर्जीकहाँ गएर पैसा माग्यो। सुजीकार अलमल्ल पऱ्यो कहाँको पागल आएछ भनेर। भाङ्ग खाने मान्छेले भन्यो-म पालग होइन बरु तिमी त ठग रहेछौ। एकै रातमा पसल फेरेछ। दाऱ्ही पनि पाले छ, मेरो पैसा फिर्ता नदिनको लागि हिजोसम्म बदाम मसला आदिको पसल थियो, आज सुजीकारको पसल भयो। यसपछि त्यहाँ खूब झगडा भयो।

यहाँ झगडा हुनुको मूल कारण भाङ्ग खाने बानी नै हो। आज भोलि सारा समाजमा धेरै झगडा भैरहने आ-आफ्ना कुसंस्कार छाड्नु नसकेकोले नै हो।

हाम्रो देशमा प्रजातन्त्र आए पनि पुरानो संस्कार हटेको छैन। नयाँ सिसिमा पुरानो रक्सि भए जस्तै भयो। असीमित व्यक्तिगत स्वार्थ भावना हटेको छैन। व्यक्तिगत स्वार्थलाई प्रजातन्त्र ठानेको छ। बलात्कार, भ्रष्टाचार, अन्याय, अत्याचार भएको व्यक्तिगत स्वतन्त्रतालाई प्रजातन्त्र कहलाइन्छ। चरित्र जत्ति भ्रष्ट भएता पनि पूजा पाठ, कर्मकाण्ड गर्नलाई



Downloaded from http://dhamma.digital/

प्रजातन्त्र र मानवता भनिन्छ । कुसंस्कार नत्यागीकन कहाँ प्रजातन्त्र टिक्छ र ?

पुराना रीतिथिति र चाडपर्व मनाउने संस्कारलाई संस्कृति मानीरहने, कु-बानी र कु-संस्कार नछोडिकन हाम्रो नेपाल कहिले उन्नतिमा पुग्ने हो कुन्नि ! ■

–: समाप्त :–

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

# नेपाली भाषा

(१) नेपाल चीन मैत्री
(२) मैले बुझेको बुद्ध धर्म
(३) बौद्ध दर्शन
(४) नारी हृदय
(५) बुद्धको व्यवहारिक धर्म
(६) पञ्चशील
(७) शान्ति
(८) बौद्ध ध्यान
(९) पेकिङ्ग स्वास्थ्य निवास
(१०) बौद्ध संस्कार
(११) बुद्धको विचारधारा
(१२) बौद्ध जगतमा स्वास्थ्य सेवा
(१३) निरोगी
(१४) बौद्ध नैतिक शिक्षा भाग-१
(१५) बुद्ध र बुद्ध धर्मको ...
(१६) बौद्ध ज्ञान
(१७) धर्म चिन्तन
(१८) सम्यक शिक्षा भाग-१
(१९) आर्यसंस्कृति
(२०) आर्य शील र आर्य मार्ग
(२१) सम्यक शिक्षा भाग-२-३
(२३) नारीहरूमा पनि बुद्धि छ
(२४) बुद्धकालीन संस्कृति

Downloaded from http://dhamma.digital/

## लेखकको छापीसकेको अरू पुस्तकहरू

(लेखकया छापे जुइ धुंकुगु मेमेगु सफूत)

### नेपाल भाषा

(१) गौतम बुद्ध
(२) बुद्धया अर्थनीति (संयुक्त)
(३) तथागत हृदय
(४) त्याग
(५) दश संयोजन
(६) भिक्षुया पत्र भाग-१,२
(८) पेकिङ्ग स्वास्थ्य निवास
(९) बौद्ध शिक्षा
(१०) न्हापां याम्ह गुरु सु ?
(११) माँ-बौ लुमन
(१२) हृदय परिवर्तन
(१३) बौद्ध ध्यान भाग-१, २
(१५) बाखँ भाग-१,२,३,४,५,६
(२१) भिक्षु जीवन
(२२) भिंम्ह मचा
(२३) बाखँया फल भाग-१, २
(२५) धम्मचक्कप्पत्तन सुत्त
(२६) क्षान्ति व मैत्री
(२७) बोधिसत्व
(२८) मूर्खम्ह पासा मज्यू
(२९) श्रमण नारद
(३०) ईर्ष्या व शंका
(३१) चरित्र पुचः भाग-१,२
(३३) योगिया चिठ्ठी
(३४) पालि प्रवेश भाग-१,२
(३६) धर्म मसीनि
(३७) सर्वज्ञ भाग-१, २
(३९) दुःख मदैगु लँपु
(४०) शिक्षा भाग-१,२,३,४
(४४) दान
(४५) चमत्कार
(४६) बुद्धया व्यवहारिक पक्ष धर्म
(४७) व्यवहारिक प्रज्ञा
(४८) दीर्घायु जुइमा
(४९) ज्ञानमार्ग भाग-१,२
(५१) बौद्ध नैतिक शिक्षा
(५२) झिगू बन्धन
(५३) मनू ह्मसीकेगु गयू
(५४) संस्कृति
(५५) बुद्धया करूणा व ब्रह्मदण्ड
(५६) धर्मया ज्ञान
(५७) कर्म व कर्मफल

मुद्रकः न्यू नेपाल प्रेस, शुक्रपथ, फोनः २५९०३२, २५९४५० फ्याक्सः (९७७-१) २५८६७८ • प्रेसः ४३४८५०, ४३४७५३

Downloaded from http://dhamma.digital/